"गुणस्तरीय शिक्षा, आधुनिक व्यवसायिक तथा कृषि प्रणाली,
"नरहा गाउँपालिकाको पहिलो प्राथमिकता"

# नरहा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

## नरहा सिराहा
## मधेश प्रदेश, नेपाल

# बाह्रौं गाउँसभा अधिवेशन २०८२/०८३ बाट पारित नीति तथा कार्यक्रम एवम बजेट

## नरहा गाउँपालिकाको गाउँ सभामा प्रस्तुत
## आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम एवम बजेट

## १२ औं गाउँ सभाको अधिवेशनमा उपस्थिती

नरहा गाउँपालिका अध्यक्ष श्री राम प्रमोद यादवज्यूको अध्यक्षता तथा माननीय श्री लिलानाथ श्रेष्ठज्यूको प्रमुख आतिथ्यमा देहायका प्रदेश सभा सदस्य, गाउँ सभा सदस्यहरु, कर्मचारीहरु, पार्टी प्रतिनिधिहरुका उपस्थितिमा आज मिति २०८२।०३।०६ गते शुक्रवार दिन १२ औं गाउँ सभाको अधिवेशनमा सहभागीहरुका उपस्थिति।

उपस्थिति :

आमन्त्रित

१. मा. श्री लिलानाथ श्रेष्ठ (प्रतिनिधि सभा सदस्य)
२. मा. श्री मनोज कुमार सिंह (मधेश प्रदेश सभा सदस्य)

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री राम प्रमोद यादव | सभा अध्यक्ष | |
| २ | श्री गुलाब देवी चौधरी | सभा उपाध्यक्ष | |
| ३ | श्री अशोक कुमार महत्तो | सभा सदस्य | |
| ४ | श्री सम्झना सिंह | सभा सदस्य | |
| ५ | श्री रुषतम अंसारी | सभा सदस्य | |
| ६ | श्री राम विलेक्षण यादव | सभा सदस्य | |
| ७ | श्री हुकुमदेव यादव | सभा सदस्य | |
| ८ | श्री मनरागी खत्वे मण्डल | सभा सदस्य | |
| ९ | श्री श्याम कुमारी श्रेष्ठ | सभा सदस्य | |
| १० | श्री प्रमिला देवी सदा | सभा सदस्य | |
| ११ | श्री सुकरिता यादव | सभा सदस्य | |
| १२ | श्री मुसहरु महरा | सभा सदस्य | |

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १३ | श्री जानकी दास | सभा सदस्य | जानकी |
| १४ | श्री मैना देवी | सभा सदस्य | मैना |
| १५ | श्री तारा दास | सभा सदस्य | तारादास |
| १६ | श्री चिनगरी सदा | सभा सदस्य | चिनगारीसदा |
| १७ | श्री शिवु मुसहर | सभा सदस्य | शिवु |
| १८ | श्री बेचन चमार | सभा सदस्य | बेचन |
| १९ | श्री पुलकित यादव | सभा सदस्य | [illegible] |
| २० | श्री अमिरकला कुमारी माझी | सभा सदस्य | अमिरकला |
| २१ | श्री सुनिता मण्डल | सभा सदस्य | सुनिता |
| २२ | श्री चन्दर सदा | सभा सदस्य | [illegible] |
| २३ | श्री सोनावति देवि सदा | सभा सदस्य | सोना |
| २४ | श्री बिरेन्द्र महरा | सभा सदस्य | बिरेन्द्र |
| २५ | श्री राम कुमार यादव | सभा सदस्य | रामकुमार |
| २६ | श्री मखनी देवी चमार | सभा सदस्य | [illegible] |
| २७ | श्री जुगुतलाल महरा | सभा सदस्य | [illegible] |
| २८ | श्री गुरुदयाल यादव | सभा सदस्य | |
| २९ | शिवेन्द्र कुमार मण्डल | सभा सदस्य सचिव | [illegible] |

नरहा गाउँपालिकाको सम्मानित बाह्रौं गाउँसभाको नीति, कार्यक्रम तथा बजेट समारोहमा पाल्नु भएका प्रमुख अतिथी पूर्व मन्त्री तथा सिरहा क्षेत्र नं ३ का प्रतिनिधि संघीय सभाका सदस्य श्री लिलानाथ श्रेष्ठज्यू

विष्ट अतिथि मधेश प्रदेश सभासदस्य माननीय श्री मनोज कुमार सिंहज्यू

सभा उपाध्यक्षज्यू

सभा सदस्य सचिव ज्यू,

सभा सदस्य ज्यूहरु,

सम्पूर्ण राजनितिक दलका प्रतिनिधि ज्यूहरु

गाउँपालिकाका समपूर्ण शाखा प्रमुख, गाउँपालिकाका कर्मचारीहरु, स्वास्थ्य चौकीका इन्चार्जहरु, शिक्षकहरु, समाजसेवी ज्यूहरु, बुद्धिजिवि ज्यूहरु, सुरक्षाकर्मिहरु, पत्रकारज्यूहरु, लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा नरहा गाउँपालिकाको सभा अध्यक्षको तर्फवाट र म आफ्नो तर्फवाट यहाँहरु सवैलाई हार्दिक नमस्कार गर्न चाहन्छु ।

यो गरिमामय सभामा आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न यहाँ हरुको माझमा उभी रहँदा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रको प्राप्ती र त्यसको जगमा समृद्ध राष्ट्र निर्माणका लागि विभिन्न समयमा नेपाली जनताले गरेको वलिदान पूर्ण संघर्षहरु जनआन्दोलन, जनयुद्ध, मधेशी, थारु, मुस्लिम, जनजाति, महिला दलित तथा अल्पसंख्यकहरु को न्यायपूर्ण आन्दोलनमा सहिद भएकाहरु प्रति श्रद्धाण्जली व्यक्त गर्न चाहन्छु । घाईते, वेपता नागरीक तथा सम्बन्धित परिवारप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

यस नरहा गाउँपालिकाको नीति तथा कार्यक्रममा उपस्थित संघिय सांसद ज्यू र प्रदेश सांसद ज्यू, सभा सदस्य ज्यूहरु, गाउँपालिकाका उपस्थित कर्मचारी साथीहरु लगायत सवै महानुभावहरुलाई गाउँपालिकाको तर्फवाट हार्दिक सम्मान एवं स्वागत गर्न चाहन्छु ।

जनताका सवैभन्दा नजिकको सरकार स्थानीय सरकार भएको, स्थानीय स्तरका जनताको अधिकत्तम हितलाई सम्वोधन गर्दै प्रजातन्त्र सुदृढीकरण गर्ने, लोकतन्त्रका लाभहरुको वितरण गर्दै सशक्तिकरण गर्ने, समावेशीकरण मार्फत मूल प्रवाहीकरण गर्ने, स्थानीय शासनको वैधता स्थापित गर्दै समावेशी विकास मार्फत दिगो विकासका लक्ष्य प्राप्त गर्नु नै आजको लक्ष्य तथा चुनौती दुवै हो । वास्तवमा स्थानीय सरकारहरु जनप्रतिनिधीमूलक संस्थाहरु हुन् । आपसी सहयोग, सहमति, सद्भाव र सहकार्यका माध्यमबाट गाउँपालिकाका विविध गतिविधि सञ्चालन गर्न निर्दिष्ट नीति अनुरुप गाउँपालिकाका सभा सदस्यहरुवाट निरन्तर रुपमा प्राप्त सल्लाह, सुझाव, मार्गदर्शन, सहयोग र समन्वय प्रति म यस शुभ अवसरमा अत्यन्तै हार्दिकतापूर्वक धन्यवाद दिन चाहन्छु । भविष्यमा पनि यस्तै प्रकारको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास यस सम्मानित सभा समक्ष व्यक्त गर्न चाहन्छु ।

हाल सम्मको प्रमुख उपलब्धीहरु:

१. प्रशासनीक भवन निर्माण भई सकेको ।

२. १० शैयाको अस्पतालको भवन निर्माणका लागि जग्गा प्रयोगमा लिने प्रक्रियामा छ।

३. जनशक्ति व्यवस्थापनको कार्यमा प्रगति भएको छ ।

४. पर्यटकीय स्थलको लागि पोखरीमा सौन्दर्यकरणका सम्भाव्यता अध्ययन भएको छ ।

५. विधालयमा पूर्वाधार तर्फ सात वटा भवन निर्माणाधिन अवस्थामा रहेको ।

६. सिंचाईका तथा खानेपानीका लागि करिब ३५० वटा बोंडिङ्ग तथा होमपाईप जडान भएको छ

७. लैङ्गिक समानता सामाजिक समावेशीकरण कार्यक्रम मार्फत सशक्तिकरणमा उल्लेख्य टेवा पुगेको छ ।

८. सार्वजनिक सेवाप्रवाह जनमैत्री तथा जनता को नजिक रहेर सेवा गर्ने संस्कारको विकाश भएको छ ।

९. पर्यटकिय क्षेत्र, धार्मिक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रको सम्भाव्यता अध्यनको कार्य अगाडी बढिसकेको छ ।

१०. बजार व्यवस्थापनको वैज्ञानिक मोडलको अध्यन शुरु हुने क्रममा छ ।

११. गाउँ पालिका भित्र नमुना विद्यालय संचालनमा रहेको छ ।

प्राथमिकताहरु

- सामाजिक विकासतर्फ: शिक्षा र स्वास्थ्य
- आर्थिक विकास क्षेत्रका कृषि ,पशु विकास र सहकारी
- भौतिक पूर्वाधर, सिचाई
- उद्यमशिलताको विकास र रोजगारी सिर्जना
- नीतिगत, कानूनी एवं संरचनागत विकास
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वित्तीय अनुशासन तथा पारदर्शिता
- वालबालिकाको हित संरक्षण एवम् महिला सशक्तिकरण र क्षमता विकास
- ऐतिहासिक एवं धार्मिक सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रवर्द्धन
- सरसफाई र वातावरणीय स्वच्छता अभिवृद्धि
- बन वातावरण तथा विपद् व्यवस्थापन
- अन्य सरकारी निकाय, गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य

गाउँपालिका अध्यक्ष

उपस्थित गाउँ सभाका सदस्यज्यूहरु,

सहभागितामूलक योजना तर्जुमा पद्धती अन्तर्गत विकासका आवश्यकता पहिचान देखि कार्यान्वयन, अनुगमन, मूल्याङ्कन,समेतको हरेक प्रक्रिया तथा तहमा सरोकारवाला वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै अपनत्व सृजना गर्ने र यसै मार्फत विकास कार्यलाई सन्तुलित एवं समावेशी तथा दिगो बनाउने अवधारणा अनुरुप वडा नागरिक मञ्च, वडावासी एवम् सरोकारवालाको व्यापक सहभागितामा वडा स्तरीय योजना तर्जुमा गोष्ठी, विषयगत समिति एवं एकीकृत योजना तर्जुमा गोष्ठीमा सम्वद्ध सवै सँग व्यापक अन्तरक्रिया र छलफल गरी प्राप्त सुझावहरुलाई समावेश गर्दै आर्थिक वर्ष २०८२/०८३ को क्षेत्रगत नीतिहरु यहाँहरु समक्ष प्रस्तुत गर्दछु।

**क) आर्थिक विकास सम्बन्धि नीतिहरु:**

**१. कृषि तथा पशु विकास सम्बन्धि नीतिहरु:**

१.१. खेती प्रणालीलाई निर्वाहमुखि तथा जिविकोपार्जनको प्रमुख माध्यमको रुपमा विकास गर्न कृषिको आधुनिकीकरण गरिनेछ ।

१.२. कृषि पकेट क्षेत्रको रुपमा यस गाउँपालिका क्षेत्रलाई विकास गर्दै धान, गहुँ, र मौसमी तथा बेमौसमी तरकारी उत्पादन तथा बिकी वितरणमा जोड दिइनेछ ।

१.३. कृषि समुह, कृषि सहकारिताको माध्यमबाट व्यवसायिक कृषि उत्पादकत्व वृद्धि गर्न माछापालनलाई प्रोत्साहीत गरिनेछ ।

१.४. पशु विमाको प्रवर्द्धन गरि व्यवसायीक पशुपालन तर्फ प्रोत्साहन गरिनेछ ।

१.५ गाँउ भित्रका बजार क्षेत्रहरुमा व्यवस्थित पशु वधशालाहरु निर्माणको प्रारम्भिक कार्य थालनी गर्ने

१.६ अखाद्य वस्तुहरु बिकी वितरणमा रोक लगाउन समय समयमा अनुगमन तथा सुपरिवेक्षण गरिने छ ।

१.७ सिचाई, कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्र, कृषि जन्य लघु उद्योग एवम वजारीकरणलाई एकिकृत रुपमा विकासगर्दै लगिनेछ ।

१.८ अर्ग्यानीक खेतीलाई प्रोत्साहन गर्न विषादिमुक्त खेतीगर्ने लाई सहयोग र बढि विषादी प्रयोग गर्नेलाइ कारवाही गरिनेछ ।

१.९ गाँउक्षेत्र भित्रका एग्रोभेटको पहलमा हानीकारक विषादी विक्रि वितरणमा रोक लगाइनेछ ।

१.१० गाँउस्तरीय कृषि विकास समिति गठन गरि कृषि तथा पशु संग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरु संचालनमा एकरुपता ल्याईने छ । कृषि विकास समितिको गठन र संचालन सर्म्वान्धि कार्यविधि एवम कार्यशर्त गाँउकार्यपालिका बैठकले तोक्नेछ ।

१.११ गाउँक्षेत्र भित्रका कृषकहरुको लागि सिंचाई महसुल छुट गरिनेछ ।

१.१२ गाउँक्षेत्र भित्रका कृषकहरुलाई आधुनिक किसिमको औजारहरुमा पचास प्रतिशत छुट गरिनेछ ।

**२. उद्योग तथा वाणिज्य नीति:**

२.१. स्थानीय जनतामा रहेका कलालाई घरेलु तथा लघु उद्यमको माध्यमबाट प्रवर्द्धन गरी आय आर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।

२.२. आर्थिक रुपमा पछि परेका दलित तथा विपन्न समुदायका युवा-युवती, सबै जातजातीका महिलाहरुलाई लघु उद्यमशिलता सम्बन्धि तालिम प्रदान गरि स्वरोजगारीमा टेवा पुर्याइनेछ ।

२.३. यस गाँउपालिका भित्र संचालन हुने उद्योगहरुमा कम्तीमा ७० प्रतिशत कर्मचारीहरु गाँउक्षेत्र भित्रकै राखी स्थापना तथा संचालन हुने उद्योगहरुलाई स्थापना भएको ३ ( तीन) वर्ष सम्म ५० प्रतिशत व्यवसायिक कर छुट दिइनेछ ।

२.४. यस गाँउक्षेत्रभित्र संचालनमा रहेका सबै प्रकारका व्यवसायहरुलाई करको दायरामा ल्याउन विशेष अभियान संचालन गरिनेछ ।

२.५ गाँउक्षेत्रमा संचालित उद्योग एवं ब्यवसायहरु स्थापनाको उदेश्य अनुरुप संचालन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरिनेछ ।

२.६ प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगार सृजनाको विभिन्न अवसरहरुको खोजी गरिनेछ

## ३. पर्यटन तथा संस्कृति प्रवर्द्धन नीति

३.१. यस गाँउपालिकालाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न धार्मिक तथा पर्यटकीय क्षेत्र पहिचान गरिनेछ ।

३.२. यस गाँउपालिका क्षेत्र भित्र रहेका धार्मिक क्षेत्र तथा अन्य विभिन्न धार्मिक क्षेत्रहरुको पहिचान गरि तिनीहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

३.३ यस गाउपालिका भित्र रहेको मन्दिरलाइ पर्यटकिय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ ।

३.४. गाँउपालिका क्षेत्र भित्र बसोवास गर्ने सम्पुर्ण समुदायहरुको मौलिक परम्परा र भाषा संस्कृतिको जगेर्ना गर्न विशेष कार्यक्रमहरु लागु गरिनेछ ।

३.५ धार्मिक सांसकृतीक तथा ऐतिहासीक रुपमा महत्वपूर्ण मठ मन्दिर आदीको संरक्षण सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।

३.६ मैथिली रितीरिवाज झल्कीने सास्कृती कार्यक्रमहरु झिझिया नाच, जट जटनी नाच, डोम कक्ष नाच, मिथिला चित्रकला, महाबीर झण्डा मेला र दाहा लागायतका स्थानीय लोक सांस्कृतीको संरक्षण र सम्बद्धनको निम्ती सार्वजनिक र निजी साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ ।

## ४. सहकारी नीति:

४.१. सहकारी क्षेत्रलाई आर्थिक विकासको महत्वपुर्ण खम्बाको रुपमा विकास गर्न समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त तथा सुशासित संगठनको रुपमा प्रवर्द्धन गरिनेछ ।

४.२. कृषि, उद्योग र व्यवसायको सहकारीकरणको माध्यमबाट आत्मनिर्भर र दिगो रुपमा स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।

४.३. स्थानीय सहकारी संस्थाहरुको दर्ता, नविकरण तथा व्यवस्थापन पारदर्शि तथा अनुमान योग्य बनाउदै नियमनकारी भुमिका निर्वाह गरिनेछ ।

४.४. हालसम्म सहकारी संस्था स्थापना र सञ्चालन नभएका वडाहरुमा कम्तीमा एक(१) वटा सहकारी संस्था स्थापना गर्न पहल गरिनेछ ।

## ख) पुर्वाधार विकास नीति:

१. गाँउपालिकाको एकिकृत विकासका लागि यतायात गुरु योजना बनाएको अनुरुप कार्य गरिनेछ ।

२. गाँउपालिका क्षेत्रको समग्र पुर्वाधार विकासका लागि चालू आ.व. भित्रै गाँउपालिका प्रोफायल तयार गर्ने तथा एकिकृत ग्रामिण विकास योजना तयार गरी लागु गरिनेछ ।

३. गाँउपालिका क्षेत्रको सडक तथा पुलहरुको निर्माण गर्ने नीतिहरु अंगिकार गर्नेछ ।

४. गाँउपालिकाका बिभिन्न वडाहरुबाट गाँउपालिका केन्द्र जोड्ने सडकहरुको स्तरोन्नती गर्नेछ ।

५. सडकहरुको नियमित मर्मत संभारका लागि एक मर्मत संभार कोष खडा गरी नियमित रुपमा मर्मत गरिनेछ ।

६. गाउँपालिकामा रहेको खाली मैदानमा एक गाँउपालिका स्तरीय रंगशाला तथा कवर्ड हल निर्माण गर्न अध्ययन गरिनेछ ।

**८. गाँउ क्षेत्र भित्र सिँचाईको विकासका लागि निम्न नीति अंगीकार गरिनेछः**

८.१. सामुहिक भुमिसुधार जल योजना बनाई कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउनेछ ।

८.२ साना तथा मझौला सिंचाईको सम्भाव्यता अध्ययन गरिनेछ ।

**९. भवन तथा शहरी विकास नीतिः**

९.१. भवन निर्माण गर्दा नेपाल सरकारले तोकेका मापदण्डहरु पालना गर्ने नीति अंगिकार गरिनेछ ।

९.२. घरनक्सा स्विकृत नगरी घर निर्माण गर्ने प्रवृतिको अन्त्यका लागि दण्डजरिवानाको व्यवस्था गरिनेछ ।

९.३. ड्रेन, फुटपाथ तथा वृक्षारोपण सहितको सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।

९.४. गाँउपालिकाका विभिन्न स्थानहरुमा सम्भाव्यता आदि प्राथमिकताको आधारमा विभिन्न अध्ययन तथा सर्वे शुरु गरिनेछ ।

९.५. प्लटिङ्गलाई व्यवस्थित गर्न तोकिए बमोजिमको मापदण्ड अनुसार नाला, विद्युत, खुला स्थान आदिको व्यवस्था सहित गाँउपालिकामा दर्ता हुने व्यवस्था गरिनेछ ।

९.६. गाँउपालिकाको क्षेत्रभित्र रहेका सरकारी निजी तथा ऐलानी जग्गाहरु, सुकुम्बासी तथा अव्यवस्थित बसोबास क्षेत्रहरुको लगत संकलन गरिनेछ ।

**१०. उर्जा, तथा वैकल्पिक उर्जा तथा संचारको विकास एवम् प्रवर्द्धनमा जोड दिदै निम्न कार्यहरु गरिनेछ :**

१०.१. गाँउपालिकाका सबै बस्तिहरुमा विद्युत सेवा पुऱ्याउन विद्युतिकरण लाई तिब्रता दिइनेछ ।

१०.२ गाँउपालिकाका सडक तथा बजार क्षेत्रमा जनसहभागितामा आधारीत सौर्य बत्ति जडान गर्न प्राथमिकता दिइनेछ ।

१०.३ गाँउपालिकाका क्षेत्रहरुमा टेलिफोन/मोवाईल/ईन्टरनेट सेवा विस्तार गर्न सम्वन्धित संस्थाहरुमा पहल गरिनेछ ।

**११. जनसहभागिताबाट निर्मित योजनाहरु दिगो हुने तथा यस्ता योजनाहरुमा जनताको अपनत्व भै संचालन एवम रेखदेख जनताबाटै स्वतःस्फूर्त रुपमा हुने हामी सबैको अनुभव छ । तसर्थ भौतिक पुर्वाधार सम्बन्धि योजनाहरु संचालन गर्दा १० प्रतिशत अनिवार्य रुपमा जनसहभागिता प्राप्त गर्ने नीति अवलम्बन गरिनेछ ।**

**ग) सामाजिक विकास नीतिहरुः**

**१. शिक्षा विकास सम्बन्धि नीतिहरुः**

१.१. विद्यालयहरुको लेखा परिक्षण समयमै सम्पन्न गर्ने विशेष योजना तयार गरिनेछ ।

१.२. अध्यनरत विद्यार्थी संख्या र शिक्षक संख्याको आधारमा नियमित रुपमा शिक्षकको दरबन्दि मिलान गर्दै विद्यार्थीःशिक्षक अनुपात कम भएको विद्यालयबाट उक्त अनुपातमा बढि भएको विद्यालयमा शिक्षकलाई कामकाजमा खटाउने र कम विद्यार्थी भएका विद्यालयलाई नजिकको विद्यालयमा समाहित गरिनेछ ।

१.३. विपन्न वर्गका बालबालिकाहरुलाई विद्यालय जान प्रोत्साहित गर्न सामुदायिक सरकारी विद्यालयमा अध्ययन गर्ने २ जना गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई विद्यालय पुरस्कृत गरिनेछ ।

गाउँपालिका अध्यक्ष

१.४. हाल संचालनमा रहेका बाल विकास केन्दहरुलाई नमुना बाल विकास केन्द्रको रुपमा विकास गर्ने कार्यप्रारम्भ गरिनेछ ।

१.५. विद्यालयलाई प्रदान गर्ने भौतिक सुविधालाई आवश्यकता र सुचकाङ्को आधारमा तय गर्ने ।

१.६. आधारभुत तह देखी नै अंग्रेजी भाषा, कम्प्युटर शिक्षा तथा विभिन्न Extra Curricular Activities मा जोड दिइनेछ । साथै विद्यालयका लागि सोलार तथा कम्प्युटर खरिदको लागि विभिन्न दातृनिकायहरु सगँ समन्वय गरिनेछ ।

१.७. सबै विद्यालयहरुमा पुस्तकालय तथा ICT पूर्वाधार सहितको एक सिकाई केन्द्र व्यवस्थापनका लागि पहल गरिनेछ ।

१.८. गाँउपालिका क्षेत्रमा अनिवार्य र निःशुल्क आधारभुत शिक्षा लागु गर्ने कार्यलाई प्राथमिकताका साथ अगाढी बढाईनेछ ।

१.९. बालबालिकाको सर्वाङ्गिण विकासका लागि अन्तर विद्यालय खेलकुद, हाजिरि जवाफ, बक्तृत्वकला, नृत्य, वादविवाद जस्ता प्रतियोगिताहरु संचालन गर्ने ।

१.१०. नीजि क्षेत्रहरुबाट संचालित वालविकास आधारभुत र माध्यमिक विद्यालयहरुको मापदण्ड बनाई लागु गरिनेछ ।

१.११. गाँउपालिका क्षेत्रभित्र बैकल्पिक शिक्षा, प्रोढ शिक्षा जस्ता क्षेत्रको विकासका लागि सामुदायिक सिकाई केन्द्रको भुमिकालाई सशक्त बनाइनेछ ।

१.१२ सामुदायिक विधालयमा कार्यरत शिक्षक तथा कर्मचारहिरुसँग कार्यसम्पादन करार गरि यसको नतिजाको आधारमा पुरस्कार र दण्ड सम्बन्धि व्यवस्था मिलाइनेछ ।

१.१३ गाउँ पालिका आफनो क्षेत्रमा शिक्षा सम्बन्धी गोष्ठी समेलन तथा प्रदर्शनको आयोजना गरिने छ

१.१४ विद्यालयको सम्पती सुरक्षा गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१.१५ विद्यालयको लेखा परीक्षण सम्वन्धमा लेखा परीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक पुरस्कार तथा कारवाही गरिनेछ ।

१.१६ विद्यालयको पठन पाठनमा सुधार तथा सिकाई उपलब्धी वढाउन प्रत्येक विद्यालयमा बाल क्लबको गठन गरिनेछ ।

१.१७ निरन्तर विद्यार्थी मुल्यांकन प्रक्रियालाई कडाइको साथ अनिवार्य रुपमा लागु गरिने छ ।

१.१८ दिगो र अर्थपुर्ण सिकाइको लागि पठन पाठन उदेश्य अनुसारको शैक्षिक सामग्रीको प्रयोग गर्न लगाउने कार्य गरिनेछ ।

१.१९ विद्यालय सुधार योजना, चौमासिक निकासाको आय व्यय विवरण र बार्षिक कार्य योजनातयार गरेको आधारमा मात्र अन्तिम निकासा दिइनेछ ।

१.२० विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरुमा समीति गठन गर्न आवश्यक पहल गरिनेछ ।

१.२१ आधारभुत तहमा शिशु भर्ना दर सत प्रतिशत पुरयाउने आवश्यक पहल गरिनेछ ।

१.२२ शिक्षक र विद्यार्थीहरुको नियमित उपस्थीतीको लागी समय समयमा अनुगमन गरिनेछ ।

१.२३ विद्यालयमा ७५ प्रतिशत उपस्थीती भएका विद्यार्थीहरुलाई मात्र छात्रवृती प्रदान गरिनेछ ।

१.२४ यस गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुको अन्तीम परिक्षाको परिक्षाफलको समिक्षा गरिनेछ ।

१.२५ प्रदेश सरकारको बेटी बचाउ,बेटी पढाउ योजना कार्यान्वयन गर्न बजेट विनियोजन गरि विभिन्न प्रोत्साहन मुलक कार्यक्रम सन्चालन गरिनेछ ।

१.२६ शैक्षिक क्यालेण्डर निर्माण गरि वार्षिक कार्य योजना सहित पठन पाठन लाइ व्यवस्थित गरिनेछ ।

१.२७ विद्यार्थी भर्ना अभियान लाई विशेष ग्राहयता दिएर सन्चालन गरिनेछ ।

१.२८ गाउपालिका भित्र बहुमुँख क्याम्पस स्थापनाको लागि पहल गरिनेछ ।

२. स्वास्थ्य नीतिः

२.१. गाँउपालिका क्षेत्र भित्रका स्वास्थ्य चौकीहरुको भौतिक एवमं संरचनागत सुधार गर्दै व्यवस्थापनलाई निर्धारित मापदण्ड अनुरुप विकास र विस्तार गरिनेछ ।

२.२. नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमलाई यस गाउँपालिकाका गाँउवासीहरुको पुर्ण सहभागिताका लागि प्रोत्साहन गरी स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ ।

२.३. नेपाल सरकार स्वास्थ्य मन्त्रालयले प्रकाशित गरेको खोप तालिका बामोजिम सबै बालबालिकाको लागि खोपको सुनिश्चितता गर्न विशेष व्यवस्था गरिनेछ । साथै एक वर्षभित्र यस गाउँपालिकालाइ पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ ।

२.४. गाँउपालिका क्षेत्र भित्रका विपन्न तथा जेष्ठ नागरिकहरुलाइ क्यान्सर,मृगौला तथा मुटुरोग जस्ता रोगहरुको उपचारको लागि पहल गरिनेछ ।

२.५. आयुर्वेद तथा पारम्पारिक चिकिस्ता प्रणालीको विकासलाई प्रोत्साहन गर्नेछ ।

२.६. गाउँपालिकाको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यक्रमलाई सशक्त ढंगले कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।

२.७. एच.आई.भि. एड्स, मलेरिया, क्षयरोग, हेपाटाईटिस, डेङ्गो जस्ता रोगहरुको नियन्त्रण तथा उपचारका लागि सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्य गरिनेछ ।

२.८. गाँउपालिकाको स्वास्थ्य क्षेत्रको सुधार तथा जनतामा स्वास्थ्य चेतना अभिवृद्धिमा महिला स्वयंम सेविकाको भुमिकाको उच्च मुल्याङ्कन गर्दै महिला स्वमं सेविकाहरु निम्ती प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

२.९. गाँउपालिकाकासबै वडामा कम्तिमा १ वटा स्वास्थ्य केन्द्र ( खोप तथा पोषण केन्द्र सहितका ) निर्माण गर्न पहल गरिनेछ ।

२.१०. गाउपालिकामा दश शैयाको अस्पताल निर्माणको लागि पहल गरिनेछ ।

२.११ प्रत्येक वडाहरुमा बर्थिंग सेन्टर स्थापना गरिनेछ ।

२.१२ विभिन्न फार्मेसिहरु सग समन्वय गरि न्युनतम दरमा औषधीहरु उपलब्धताको लागि पहल गरिनेछ ।

३. खानेपानी तथा सरसफाईः

३.१. सबै गाँउबासीलाई आधारभुत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धि नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ ।

४. लैंगिक समानता तथा सामाजिक समावेशीकरणः

४.१. गाँउपालिकाबाट प्रदान गरिने सामाजिक तथा आर्थिक अवशरहरुमा महिलाहरुको सम्मानजनक सहभागिता सुनिश्चत गर्न लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिवृद्धि र जीवनस्तर सुधारका लागि संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तिकरण गरिनेछ ।

४.२. महिलाहरुको हक अधिकारको संरक्षणका लागि लैङ्गिक हिंसा निवारण लगायत अन्य स्थानीय कानुनहरु तर्जूमा, कार्यान्वयन तथा सो को अनुगमन मुल्याङ्कन गरिनेछ ।

४.३. महिला विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्यकालागि विषेश कार्यक्रम संचालन गरिनेछ ।

४.४. विपन्न र सामाजिक रुपमा जोखिममा रहेका गाँउवासी, कृषक,श्रमिक र पिछडा वर्गको उत्थानका निम्तीपहल गरिनेछ ।

४.५ जेष्ठ नागरिक दिर्घ सेवा सम्मान कार्यक्रम संचालन गरी हरेक वर्ष गाउँपालिका पूरुष एक र महिला एक गरी जम्मा २ जनालाई सम्मान गरिनेछ । साथै सामाजिक सुरक्षा भत्ता समयमै कम्प्युटर प्रविधि तथा बैंकिंग प्रणाली अनुसार सोझै खाता मार्फत वितरण गर्ने व्यवस्था गरिनेछ ।

घ) वातावरण तथ विपत व्यवस्थापन नीतिः

१. वन तथा भु-संरक्षण नीतिः

१.१. वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्वन्धि मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

१.२. गाँउपालिका क्षेत्र भित्र नदी किनार, नहर किनार तथा सडक किनारमा वृक्षारोपण गरिनेछ ।

१.३. नीजि तथा सार्वजनिक जग्गाहरुमा औषधिय गुणयुक्त वनस्पतिहरु, जडिबुटिहरु तथा दुर्लभ एवमं लोपोन्मुख विरुवाहरु रोप्ने तथा संरक्षण गरिनेछ ।

१.४. गाँउपालिका क्षेत्रमा रहेका ताल तलैया तथा पोखरिहरुको लगत संकलन गरी तिनमा भएका जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्दै तीनिहंरुलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।

१.५ नदि क्षेत्रहरुको संरक्षण गर्न नदि किनारको अतिक्रमण रोक्न र नदी नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ।

१.६ यस गाँउपालिका क्षेत्र भित्र रहेका सार्वजनिक सरकारी सम्पतीलाई केन्द्र तथा प्रदेश सरकार संग समन्वय गरी गाउपालिकाको मातहतमा ल्याउन पहल गरिनेछ ।

२. वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि नीतिः

२.१. विकास कार्यक्रमहरु संचालन गर्दा वातावरण मैत्रि र जलवायु परिवर्तनसँग अनुकुलित हुने गरि संचालन गरिनेछ ।

२.२. प्लाष्टिक झोला नियन्त्रण गर्दै कागज तथा कपडा जन्य झोलालाई प्रोत्साहान गरी क्रमिक रुपमा यस गा. पा लाई प्लाष्टिक मुक्त गा.पा.घोषणाको लागि पहल गरिनेछ ।

२.३ जैविक विषादीको खोजी तथा प्रवर्द्धन गर्दै स्वास्थ्यमा प्रतिकुल असर गर्ने रसायनिक विषादी माथी प्रतिबन्द लगाईनेछ ।

३. फोहोरमैला व्यवस्थापन नीतिः

३.१. गाँउक्षेत्रका फोहोरको नियमित रुपमा सरसफाई गरिनेछ ।

३.२. फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साईड खोजि गरिनेछ ।

३.३ फोहर व्यवस्थापनका सम्बनधमा वडा समितिहरु मार्फत जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

३.४. गाँउक्षेत्रको फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराई फोहोर व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारीका लागि पहल गरिनेछ ।

४. विपत व्यवस्थापन नीतिः

४.१. भुकम्प, अतिवृष्टि, बाढी, हावाहुरी, चट्टयाङ्ग, आगलागी, खडेरी, महामारी, शीतलहर तथा हैजा, वर्डफ्ल्यु, डेंगु, जस्ता महामारी बाट उत्पन्न हुन सक्ने जोखिम न्यूनिकरण गर्न विपत व्यवस्थापन पुर्व तयारी योजना र विपत प्रतिकार्य योजना तयार गरि कार्यान्वयन गरिनेछ ।

४.२. विपत प्रतिकार्यको समयमा संलग्न सरकारी निकाय, गैरसरकारी संस्था तथा नागरिक बिच अन्तर सम्बन्ध कायम गरी पिडितको पहिचान, पिडितलाई तत्काल राहत तथा पुनःस्थापना सम्बन्धि कार्यमा एकरुपता ल्याई दोहोरोपन सृजना हुन रोक लगाइनेछ ।

४.३. स्थानीय समुदाय स्तर सम्म विपत पुर्व तयारी तथा प्रतिकार्य क्षमता विकास गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४.४. विपदको समयमा राहत प्रदान गर्न एवमं तत्काल बाटो, पैनी, आदि मर्मत गरि क्षति न्युनिकरण गर्न एक विपद व्यवस्थापन कोष खडा गरिनेछ ।

गाउँपालिकाको अध्यक्ष

ङ) वित्तिय व्यवस्थापन र सुशासन, न्याय सम्पानद नीति:

१. गाँउपालिका तथा विषयगत कार्यालयको आम्दानी र खर्चको लेखाङ्कन कम्प्युटराइज्ड गर्ने, यसै वर्ष गाँउपालिका एकाउन्टिङ तथा बजेटिंग सफ्टवयर (SUTRA) जडान गर्ने, विषयगत कार्यालको हकमा क्रमश: लागु गर्ने ।

२. वित्तिय अनुशासन कायम राख्न तथा वित्तिय जोखिम न्यूनीकरण गर्न निम्न नीतिहरु अंगीकार गर्ने:

२.१. सार्वजनिक खरिद गर्दा पारदर्शी एवमं मितव्ययी ढङ्गले गर्ने ।

२.२. खर्चको नियमित रुपमा सर्वजनिकीकरण गर्ने तथा गाँउपालिकाको वेवसाईट मार्फत सार्वजनिकीकरण गरिनेछ ।

२.३. उपभोक्ता समितिहरु मार्फत संचालित योजनाहरुको नियमित अनुगमन, खर्च सार्वजनिककरण तथा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था लाई कडाईका साथ लागु गरिनेछ ।

२.४. सम्झौतमा तोकिएको मितिमा काम पुरा गर्न नसक्ने उपभोक्ता समितिहरुलाई एक पटक म्याद थप गरी पुन: समयमै कार्य सम्पन्न गराउने थप अवधिमा समेत कार्य सम्पन्न नगरेमा आर्थिक नियम अनुसार जरिवाना गरिनेछ । साथै सो कार्य गाउँपालिकाले अन्य प्रक्रियाद्धारा संचालन गरिनेछ ।

२.५. वित्तिय तथा भौतिक प्रगति सहितको प्रतिवेदन नियमित रुपमा तयार गरी सार्वजनिकीकरण गरिनेछ ।

२.६ पेश्की न्युनिकरण सिधान्त अनुसार काम गरिनेछ ।

३. राजश्व परिचालन सम्बन्धमा निम्न नीतिहरु अंगिकार गरिनेछ:

३.१. कर को दायरा बढाई करको दर घटाउने ।

३.२. कर तिर्न सबै करदातालाई प्रेरित गर्ने ।

३.३. एक जना उत्कृष्ट करदातालाई सम्मान गर्ने ।

३.४. कर प्रशासन लाई चुस्त, दुरुस्त बनाउने ।

३.५ अधिक्तम जन्तालाई सो स्फुर्तरुपमा करको दायरा भित्र ल्याउन उपयुक्त वातावरण श्रृजना गरी आवश्यक पहल गरिनेछ ।

३.६ विभिन्न करका दरहरु घटाइ करका दायरा फराकिलो गर्ने नीति अवलम्बन गरिनेछ ।

४. आन्तरिक नियन्त्रण तथा लेखापरिक्षण नीति:

४.१. कानूनी रुपमा गर्नुपर्ने अन्तिम लेखा परिक्षण समयमै गर्ने व्यवस्था मिलाउने र साविकको गा.वि.स. तथा हालको गाउँ पालिकाको पेश्की तथा वेरुजु कराईका साथ फछ्यौट गर्न आवश्यक पहल गरिनेछ ।

५. सुचना तथा सञ्चार व्यवस्थापन नीति:

५.१. नगरिकको सुचनाको हकको उच्च सम्मान गर्दै सुचनाको हक सम्वन्धि ऐनले निर्दिष्ट गरेबमोजिमका सुचनाहरु प्रकाशन तथा नागरिकले मागेको सूचना नियमअनुसार प्रदान गरिने छ ।

५.२. गाँउपालिकाको वेवसाईट लाई रिडिजाईन गरि एक्ट्रेक्टिभ बनाईनेछ ; फेसबुक, ट्वीटर जस्ता सामाजिक सञ्जालकोसमेत प्रयोग गरि सुचना सम्प्रेषण गरिनेछ ।

५.४. छिटो, छरितो र प्रभावकारी सञ्चारका लागि गाँउपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई एस.एम.एस. मार्फत सुचना प्रवाह गर्ने; सबै पदाधिकारी एवम् कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन आवश्यकतानुसार तालिम दिने तथा इमेल खोली सबै पत्राचारहरु इमेल मार्फत गर्ने व्यवस्थ गरिनेछ ।

राम प्रसाद ... गाउँपालिका अध्यक्ष

६. न्याय सम्पादन नीतिः

६.१. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि निष्पक्ष, छिटो, छरितो, सुलभ, प्रभावकारी तथा जनउत्तत्तरदायी न्याय प्रणाली स्थापित गर्नेछ ।

६.२. स्थानीय स्तरमा उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रतेक वडामा वडाध्यक्षको संयोजकत्वमा १ महिला सदस्य र १ खुला सदस्य सहितको ३ सदस्यीय स्थानीय मेलमिलाप समिति गठन गर्ने ।

६.३. स्थानीय सामुदायिक मेलमिलाप केन्द्रका सदस्यलाई समितिको सदस्यलाई न्यायिक समितिले मेलमिलाप कर्ताको रुपमा सुचीकृत गरी निजहरुलाई मध्यस्थता तथा मेलमिलाप सम्वन्धि अभिमुखीकरण/तालिम प्रदान गर्ने ।

६.४. गाँउपालिका तथा न्यायीक समितिलाई काननी सल्लाह प्रदान तथा गाँउपालिका क्षेत्र भित्रका असहाय, विपन्न तथा हिंसा पिडित व्यक्तिहरुको कानूनी उपचारमा समन्वय गर्न कानूनी सल्लाहकार नियुक्ती गर्ने ।

च) सार्वजनिक सेवा तथा क्षमता विकास नीतिहरु

१. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

२. सेवा प्रवाहलाई प्रभावकारी बनाइ सबै गाँउवासीलाई सहज सरल ढंगबाट सेवा दिन गाउकार्यपालिकाको कार्यालय ,सबै वडा कार्यालयहरु तथा विषयगत कार्यालयहरुमा सेवा प्रवाह सम्बन्धी स्पष्ट जानकारी सहितको नागरिक वडापत्र राख्ने तथा नागरिक वडापत्रका आधारमा सेवा प्रदान गर्नेछ ।

३. गाँउपालिकाका वडा कार्यालय लगायत विभिन्न निकायहरुमा ई हाजिरी प्रणाली लागू गर्नेछ।

४. नगर प्रहरीहरुलाई पेशागत क्षमता विकासको तालिम दिइनेछ ।

५. गाउपालिकाको वृत चित्र निर्माण गरिनेछ ।

६. कर्मचारी कल्याण कोषमा वार्षिक ५ लाख रकम जम्मा गर्ने ।

७. पेन्सन नपाउने कर्मचारीहरुको लागी योगदानमा आधारित पेन्सन प्रदान गर्न सम्वन्धित वित्तिय संस्थाहरु सँग पहल गरी यस सम्बन्धमा अध्ययन गर्नेछ ।

८. गाँउपालिकाको सेवा प्रवाह, अनुगमन, मुल्याङ्कन तथा समन्वयात्मक कार्यमा सहयोग गर्न आवश्यकता अनुसार सवारी साधनहरु खरिद गर्नेछ ।

९. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान, सिप, र व्यवभारमा परिवर्तनका लागि वर्षमा कम्तिमा १ वटा अवलोकन भ्रमण कार्यक्रम गर्नेछ ।

१०. कर्मचारी समायोजन भै आएपश्चाल कार्यविभाजन नियमावली तथा प्रचलित ऐन अनुसार संगठन तथा व्यवस्थापन सर्भे गराई कार्यपालिका कार्यालय, वडा कार्यालयहरु र विषयगत समितिको संगठन संरचना तयार गरिने । तत्कालका लागि साविककै संगठन संरचना अन्तर्गत कार्य संचालन गर्ने तथा समायोजनको क्रममा विभिन्न निकायहबाट यस गाउपालिका कार्यालयमा काज/सरुवा भै आउने कर्मचारीहरुलाई हाँजिर गराई काममा लगाउने । करार कर्मचारीहरुको आवश्यकता अनुसार प्रचलित कानुन अनुरुप म्याद थप गरिनेछ तथा प्राविधिक कर्मचारी नियुक्त गर्ने ।

गाउँपालिका अध्यक्ष

अब म, यस नरहा गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को आय व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

यस आर्थिक बर्ष २०८२।०८३ को लागि नेपाल सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु. ८ करोड १७ लाख, सर्शत अनुदान रु. ११ करोड ६६ लाख, समपुरक अनुदान १ करोड ५० लाख, विशेष अनुदान १ करोड ५६ लाख, राजश्व बाँडफाँड ७ करोड ८२ लाख त्यसै गरि प्रदेश सरकारबाट प्राप्त वित्तिय समानुकरण अनुदान रु. ५४ लाख ९४ हजार, सर्शत अनुदान रु.१ करोड, समपुरक अनुदान २५ लाख, विशेष अनुदान २५ लाख, राजश्व बाँडफाँड ४६ लाख १ हजार आन्तरिक आय श्रोत रु.५ करोड ४६ लाख १४ हजार, गत बर्षको बैंक मौज्दात ७ करोड ८२ लाख ४५ हजार १ सय, सडक बोर्ड नेपालको रु.१५ लाख, मालपोत लगायत अन्यबाट रु. १ करोड ५० लाख गरी कुल रु. ४७ करोड ९५ लाख ५३ हजार १ सय ३८ रुपैयाँ आयको अनुमान पेश गरेको छु।

नरहा गाउँपालिकाको कुल आय मध्ये गाउँकार्यपालिकाको प्रशासनिक र कार्यक्रम खर्च, विद्यालय र स्वास्थ्य संस्थाको प्रशासनिक र कार्यक्रम खर्च, अन्य निकायबाट चालु प्रकृतिको वजेट गरी कुल चालु खर्च तर्फ रु. २० करोड ८३ लाख १ हजानर र कुल अनुमानित आयबाट कुल चालु खर्च विनियोजन पश्चात बाँकी रहेको रकमबाट भौतिक पूर्वाधार तथा अन्य गरि नरहा गाउँपालिकाको प्रत्येक वडालाई ७० लाखको दरले जम्मा रु. ३ करोड ५० लाख बाट वडा समितिको सिफारिसबाट गाउँपालिकामा पठाईएको आधारमा वडा तहमै गर्ने व्यवस्था मिलाएको छु। वडा तहबाट प्राप्त भएका गाउँ पालिका स्तरीय योजनाहरुको लागि १० करोड ५३ लाख ९५ हजार र अन्य गाउँपालिका स्तरीय योजनाहरु तथा कार्यक्रमका लागि ४ करोड, कृषि विकास कार्यक्रममा २० लाख, पशु विकास कार्यक्रमको १५ लाख, महिला विकास तर्फ १० लाख, शिक्षा विकास तर्फ ७० लाख, स्वास्थ्य विकास कार्यक्रमको ३० लाख खेलकुदको लागि १५ लाख, कृषक विधुत महसुल २५ लाख, महिला स्वंमसेविकाहरुको लागि २० लाख, गरि पूँजिगत खर्च तर्फ रु.२७ करोड १२ लाख ५२ हजार १ सय ३८ रुपैयाँ गरी कुल रु. ४७ करोड ९५ लाख ५३ हजार १ सय ३८ रुपैया व्यय अनुमान प्रस्तुत् गरेको छु।

उपस्थित सभा सदस्यज्यूहरु,
आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम यस गाउँपालिकाको लागि एउटा दिर्घकालिन नीति पनि हो।यो स्थानीय तहको लागि इतिहास हुनेछ । यसले पुस्तौ-पुस्तालाई मार्गदर्शन दिई रहनेछ।यस कारण यस नरहा गाउँपालिकाको लक्ष्य हासिल गर्न जनताको आशा विश्वासलाई जोगाउन गाउँपालिकाको समग्र विकास गर्न तथा "गुणस्तरीय शिक्षा, आधुनिक व्यवसायिक तथा कृषि प्रणाली,"नरहा गाउँपालिकाको पहिलो प्राथमिकता", नारा साकार पार्न क्षेत्रगत, विषयगत, वडागत योजनाहरु नीति तथा कार्यक्रम अनुरुप हुन जरुरी छ ।

गाउँपालिका अध्यक्ष

गाउँपालिकाको सन्तुलित, व्यवस्थित एवं समावेशी र दिगो विकास हाम्रो चाहना हो र साध्य पनि हो। कै एक क्षेत्रको मात्र विकासले गाउँपालिकाको समग्र विकास हुन सक्दैन भन्ने धारणालाई आत्मसात गर्दै योजना तर्जुमा गर्दा माथीका सबै पक्षहरुलाई विशेष ध्यान दिईएको छ । जसबाट समग्र गाउँपालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा म विश्वस्त छु । योजना तर्जुमा गर्न र यस उद्देश्य प्राप्त गर्न प्रभावकारी र बैधानिक कार्यान्वयन अति महत्वपूर्ण हुन्छ तसर्थ यस दिशामा यहाँहरुको रचनात्मक, सृजनात्मक ठोस सहयोग रहने कुरामा म आशावादी छु ।
अन्त्यमा यहाँहरु सबैलाई विशेष धन्यबाद दिदै विदा हुन्छु ।

धन्यवाद, नमस्कार ।
श्री राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष
नरहा गाउँपालिका, नरहा, सिरहा
२०८२ साल असार ६ गते शुक्रवार ।

१२ औं गाउँ सभा बैठक संख्या :

नरहा गाउँपालिका अध्यक्ष श्री राम प्रमोद यादवज्यूको अध्यक्षतामा देहायका गाउँ सभा सदस्यहरुका उपस्थितिमा तपसिलका प्रस्तावहरु माथि छलफल गर्नका लागि आज मिति २०८२।०३।२९ गते विहीवारका दिन १२ औं गाउँ सभाको बैठक बसियो।

उपस्थिति :

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री राम प्रमोद यादव | सभा अध्यक्ष | |
| २ | श्री गुलाब देवी चौधरी | सभा उपाध्यक्ष | |
| ३ | श्री अशोक कुमार महत्तो | सभा सदस्य | |
| ४ | श्री सम्झना सिंह | सभा सदस्य | |
| ५ | श्री रुषत्तम अंसारी | सभा सदस्य | |
| ६ | श्री राम विलेक्षण यादव | सभा सदस्य | |
| ७ | श्री हुकुमदेव यादव | सभा सदस्य | |
| ८ | श्री मनरागी खत्वे मण्डल | सभा सदस्य | |
| ९ | श्री श्याम कुमारी श्रेष्ठ | सभा सदस्य | |
| १० | श्री प्रमिला देवी सदा | सभा सदस्य | |
| ११ | श्री सुकरिता यादव | सभा सदस्य | |
| १२ | श्री मुसहरु महरा | सभा सदस्य | |
| १३ | श्री जानकी दास | सभा सदस्य | |

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | श्री मैना देवी | सभा सदस्य | |
| १५ | श्री तारा दास | सभा सदस्य | |
| १६ | श्री चिनगरी सदा | सभा सदस्य | |
| १७ | श्री शिवु मुसहर | सभा सदस्य | |
| १८ | श्री बेचन चमार | सभा सदस्य | |
| १९ | श्री पुलकित यादव | सभा सदस्य | |
| २० | श्री अमिरकला कुमारी माझी | सभा सदस्य | |
| २१ | श्री सुनिता मण्डल | सभा सदस्य | |
| २२ | श्री चन्दर सदा | सभा सदस्य | |
| २३ | श्री सोनावति देवि सदा | सभा सदस्य | |
| २४ | श्री बिरेन्द्र महरा | सभा सदस्य | |
| २५ | श्री राम कुमार यादव | सभा सदस्य | |
| २६ | श्री मखनी देवी चमार | सभा सदस्य | |
| २७ | श्री जुगुतलाल महरा | सभा सदस्य | |
| २८ | श्री गुरुदयाल यादव | सभा सदस्य | |
| २९ | श्री शिवेन्द्र कुमार मण्डल | सचिव | |

# नरहा गाउँपालिकाको आर्थिक ऐन २०८२।०८३

## नरहा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०८२-०८३

प्रस्तावना:

नरहा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नरहा गाउँपालिकाको प्रथम गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि नरहा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति कर:

गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत/ सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत):

गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । (एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमि कर नलाग्ने)

४. घर जग्गा वहाल कर:

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो वहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय कर:

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

गाउँपालिका अध्यक्ष

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर:**

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०८० बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत् गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ।

८. **विज्ञापन कर:**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७६ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

९. **मनोरञ्जन कर:**

गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७६ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

१०. **बहाल बिटौरी शुल्क:**

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूचि (९) मा उल्लेख भए अनुसार वहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क:**

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क:**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत् अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

गाउँपालिका अध्यक्ष

१३. सेवा शुल्क, दस्तुर:

गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. पर्यटन प्रवेश शुल्क:

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. कर छुट:

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची १: (गाऊँपालिका लगाउने सम्पत्ती करका क्षेत्र र दरहरु उल्लेख गर्ने)

अनुसूची २: गाऊँपालिकाले लगाउने भूमीकर (मालपोत)का क्षेत्र र दरहरु उल्लेख गर्ने

अनुसूची ३: गाऊँपालिकाले लगाउने घर जग्गा वहाल करका क्षेत्र र दरहरु उल्लेख गर्ने

अनुसूची ४: गाऊँपालिकाले लगाउने व्यवसाय करका क्षेत्र र दरहरु उल्लेख गर्ने

अनुसूची ५: गाऊँपालिकाले लगाउने जडिबुटी, कवाडी र जीवजन्तु करका क्षेत्र र दरहरु उल्लेख गर्ने

अनुसूची ६: गाऊँपालिकाले लगाउने सवारी साधन करका क्षेत्र र दरहरु उल्लेख गर्ने

अनुसूची ७: गाऊँपालिकाले लगाउने विज्ञापन करका क्षेत्र र दरहरु उल्लेख गर्ने

अनुसूची ८: गाऊँपालिकाले लगाउने मनोरञ्जन करका क्षेत्र र दरहरु उल्लेख गर्ने

अनुसूची ९: गाऊँपालिकाले लगाउने बहाल बिटौरी शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने

अनुसूची १०: गाऊँपालिकाले लगाउने पार्किङ्ग शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने

अनुसूची ११: गाऊँपालिकाले लगाउने ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने

अनुसूची १२: गाऊँपालिकाले लगाउने शुल्क तथा दस्तुरका क्षेत्र र दरहरु उल्लेख गर्ने

अनुसूची १३: गाऊँपालिकाले लगाउने पर्यटन प्रवेश शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने

गाउँपालिका अध्यक्ष

## आर्थिक ऐन अन्तरगत राजश्व दर रेट

### अनुसूची-१

### दफा-२ अनुसार

| सि.न. | विवरण | वार्षिक कर/रेट रु. | कैफियत |
|---|---|---|---|
| १ | टाटिको बेरा भएको फुसको छानो भएको भुई तले घर प्रतिघर | १०.०० | |
| २ | टाटिको बेरा भएको फुसको छानो भएको दुई तले घर | २०.०० | |
| ३ | टाटिको बेरा भएको टिनको छानो भएको भुई तले घर | २०.०० | |
| ४ | टाटिको बेरा भएको टिनको छानो भएको दुई तले घर | ३०.०० | |
| ५ | ईटाको वालमा फुसको छानो भुई तले घर | ३५.०० | |
| ६ | ईटाको वालमा टिनको छानो भुई तले घर | ४०.०० | |
| ७ | ईटाको वालमा टिनको छानो दुई तले घर | ४०.०० | |
| ८ | एक तल्ले पक्की मुण्डा घर | ५०.०० | |
| ९ | दुई तल्ले पक्की मुण्डा घर | १००.०० | |
| १० | तीन तल्ले पक्की मुण्डा घर | २००.०० | |
| ११ | तीन तल्ला माथीको पक्की घरको प्रति तल्ला थप प्रतिघर | ५००.०० | |
| १२ | घर नक्सा पास मापन अनुसार (पर स्क्वाइर फिट रु.५ पहिलो तल्ला, देस्रो तल्ला रु ६ र तेस्रो तल्ला रु ७ का दरले) | | |
| १३ | यस गाउँपालिका परिसर भित्र अवैध रुपमा माटो ग्राभेल उत्खनन्न गरिएको जरिवाना वापत २५ देखि ५० हजार सम्म | | |
| १४ | आ.व.२०८१।०८२ पूर्व निर्माण भएक घरलाई अभिलेखिकरण दस्तुर दर बमोजिम तर चालु आ.व.मा अनुमति नभई घर बनाएमा ५०% थप दस्तुर लगाई अभिलेखिकरण गर्ने | | |

### अनुशची -२

### दफा-३ अनुसार

| सि.न. | क्षेत्रफल | दर प्रति कठ्ठा रु. | | | |
|---|---|---|---|---|---|
| | | अव्वल | द्वयम | सिम | चाहार |
| १ | १ कठ्ठा देखी १ विगाहा सम्म | ३.०० | २.०० | २.०० | १.०० |
| २ | १ विगाहा देखी १.५ विगाहा सम्म | ४.०० | ३.०० | २.०० | १.०० |
| ३ | १.५ विगाहा देखी ३ विगाहा सम्म | ५.०० | ४.०० | ३.०० | २.०० |
| ४ | ३ विगाहा भन्दा माथि जति भएपनि | ७.०० | ५.०० | ४.०० | ३.०० |
| ५ | उद्योग तथा संस्थाको नाममा रहेको जग्गाको | २५.०० | २०.०० | १५.०० | १०.०० |
| ६ | न्यूनतम मालपोत | रु.५.०० | | | |
| ७ | जरिवाना एक वर्षको भए १० प्रतिशत त्यसपछि प्रत्येक वर्षको थप ५ प्रतिशतले जोडिने | | | | |

पालिका अध्यक्ष

अनुसूची-३

दफा ४ अनुसार

| सि.न. | विवरण | करको दर रु. | कैफियत |
| --- | --- | --- | --- |
| १ | दैनिक उपभोगका खाध्य पदार्थ वेच्ने पसलमा निम्नअनुसारको कर लिने | | |
| क. | ५० हजार देखी ५ लाख सम्मको पसलमा | ३०० | प्रतिवर्ष |
| ख. | ५लाख देखी १०लाख सम्मको पसलमा | ५०० | प्रतिवर्ष |
| ग. | १०लाख भन्दा माथी जती भएपनि प्रतिपसल | १००० | प्रतिवर्ष |
| २ | लुगा सिउने कपाल काटने, तस्विर खिच्ने र प्रति पसल | ५०० | प्रतिवर्ष |
| ३ | लत्ता कपडा ,औषधी पसल , फलाम , सिमेन्ट, पित्तलवाट तयार हुने भाडाकुडा र रंग रोगन कलात्मक मुर्तीको सामान , विजुलीको सामान विक्रि गर्ने पसलमा निम्नअनुसारकव कर लिने । | | |
| ख. | ५लाख देखी १०लाख सम्मको पसलमा | ५०० | प्रतिवर्ष |
| ग. | १०लाख भन्दा माथी जती भएपनि प्रति पसल | १००० | प्रतिवर्ष |
| ४ | मसलन्दको समान पेटरोल, मोविल,अइल,अइसक्रिम, चुता फर्निसिगको समान मेसिन, पार्ट, पूर्जा, तैयारि पोशाक अदि माल समान वेचने पसलमा निमन अनुसारको कर लिने | | |
| क. | ५० हजार देखी ५ लाख सम्मको पसलमा | ३०० | प्रतिवर्ष |
| ख. | ५लाख देखी १०लाख सम्मको पसलमा | ५०० | प्रतिवर्ष |
| ग. | १०लाख भन्दा माथी जती भएपनि प्रति पसल | १००० | प्रतिवर्ष |
| ५ | रेडियो ,घडी क्यामेरा ^टेलिभिजन ,फ्रिज, सवारी साधन वा विलासिताको समान वेच्ने पसलमा निम्नअनुसारको कर लिने । | | |
| क. | ५० हजार देखी ५ लाख सम्मको पसलमा | ३०० | प्रतिवर्ष |
| ख. | ५लाख देखी १०लाख सम्मको पसलमा | ५०० | प्रतिवर्ष |
| ग. | १०लाख भन्दा माथी जती भएपनि प्रति पसल | १००० | प्रतिवर्ष |
| ६ | स्थानिय इजाजत प्राप्त भएको भट्टीवाट उद्पादित सवे प्रकारका मोहिरा वच्ने पसल वा भट्टीमा निम्नअनुसारको कर लिने | | |
| क. | सानो पसल | १००० | प्रतिवर्ष |
| ७ | सिमेन्ट टायल, सिमेन्ट ब्लक , ह्युम पाईप , पोल जस्ता सिमेन्ट बाट तयार हुने समानको प्रति पसल | १५०० | प्रतिवर्ष |
| ८ | स्वदेशि वा विदेशि डिस्टिलरी वा व्रुअरिवाट उत्पादित वोतल वन्दी मदिरा पसल | १००० | प्रतिवर्ष |
| ९ | क.चिया मिठाई तथा भोजनालय पसल क वर्ग | १००० | प्रतिवर्ष |
| | ख.चिया मिठाई तथा भोजनालय पसल ख वर्ग | ५०० | प्रतिवर्ष |

| | | | |
|---|---|---|---|
| १० | नेपाल सरकारको स्वीकृती लिई स्थापना भएको मदिरा भट्टीमा | ३००० | प्रतिवर्ष |
| ११ | छापाखाना | १५०० | प्रतिवर्ष |
| १२ | ईटा झिंटी आदी उत्पादन गर्ने उधोगमा प्रति चिमनी | २५००० | |
| १३ | ठाडो भएको इट्टा भिन्टी उत्पदन विक्री मा | ५००० | |
| १४ | ईटा उद्योग प्रति बर्ष | ५०००० | |
| १५ | ज्यासल खोली व्यापार गर्ने पसल | १००० | |
| १६ | चिनि उद्योग प्रति बोरा | ५ | |
| १७ | होटल गेस्टल हाउसमा | १००० | |
| १८ | किवराज चिकित्सक दण्त चिकित्सक इन्जिनियर कानुन व्यावसायी लेखापरीक्षक व्यावसायिक व्यावसाला ज्योतिस शिक्षण सस्था टाइप कम्प्युटर मनी चेन्जर फनिचर पशु चिकित्सक पेन्टरमा | १००० | |
| १९ | बैंकिङ्ग र वितिय सस्थामा निम्न अनुसारको कर लिने | | |
| क. | एक करोड भन्दा मुनीको पुँजिमा | १००० | |
| ख. | एक करोड भन्दा माथिको पुँजिमा | ५००० | |
| १९ | व्यावसायिक तालिम केन्द्रमा | १००० | |
| २० | दुध व्यावसायिक चिज उधोगमा | ५०० | |
| २१ | घरेलु तथा साना उधोगमा | १००० | |
| २२ | मझौला उधोगमा | ५००० | |
| २३ | ठूलो उधोगमा | २५००० | |
| २४ | गाउँपालिका प्रधान कार्यालय भएको निर्माण व्यावसायी लाइ | ५००० | |
| २५ | व्यवसायीक संचार फोन फैक्स सेवा फोटो प्रिन्ट | ५००० | |
| २६ | मिलको प्रति अश्व शत्ती वापत | २५ | |
| २७ | माथिको प्रकरणमा नपरेका अन्य | २५ देखि २५० सम्म नजविजमा | |

अनुसूची-६

दफा ७ अनुसार

| | | | |
|---|---|---|---|
| १ | वस ट्रक लहरी र अन्य ज्यामी गाडीको | ५०० | |
| २ | भाडाको कार जिपमा | ५०० | |
| ३ | भाडाको टेम्पु | २०० | |
| ४ | भाडाको मिनी वस | ५०० | |
| ५ | निजीकार ट्याक्टर ट्याम्पु र मिनी वसमा | २०० | |

प्रमोद यादव
...पालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| ६ | विदेशमा दर्ता भएका देहायका सवारी साधन गाउँपालिकामा प्रवेश गर्दा निम्न अनुसारका सवारी मा निम्न बमोजिमको दैनिक कर लिने | | |
| क. | मोटर साइकल स्कुटर दैनिक | २० | |
| ख. | मोटर कार जिप भ्यान | ५० | |
| ग. | ट्रक लहरी वस कन्टेनर डोजर रोलर आदि जस्ता ज्यामी सवारी साधन | १०० | |
| ७ | निजी तथा भाडाको वस ट्रक र ट्रयाक्टर प्रति पटक | १५ | |
| ८ | निजी तथा भाडाका टेम्पुर्मा | ५ | |
| ९ | अन्य सवारी साधनमा | ५ | |

## अनुसूचि ७

### दफा ८ अनुसार

| | | | |
|---|---|---|---|
| १ | गाउँपालिका क्षेत्र  भित्र विज्ञापनको लागि राखेको होडिग वोर्ड प्रति स्कायर फिट | १५ | |
| २ | भिते लेखन प्रति विक्षापन प्रति स्कायर फिट | ७ | |

## अनुसूचि ८

### दफा ९ अनुसार

| | | | |
|---|---|---|---|
| १ | सिनेमा हल भिडियो हल सास्कृतिक प्रर्दशन स्थल थिएटर सगित तथा मनोरन्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा उठेको रकमको | ३ प्रतिशतले | |
| २ | जादु सरकस चटक आदीमा प्रति दिन | २५० | |

## अनुसूचि ९

### दफा १० अनुसार

| सि न | विवरण | न्युनतम मासिक | अधिकतम मासिक |
|---|---|---|---|
| १ | तत्कालिन गा वि स आफैले निर्माण गरेको वा निर्माण हुने पकी सटरको कोठाहरुको मासिक | १५०० | डाक बढाबढबाट |
| २ | कच्ची सटर कोठाहरु तत्कालीन गा.वि.स.आफैले निर्माण गरेको वा निर्माण हुनेमा मासिक | ५०० | डाक बढाबढबाट |
| ३ | एलानी पर्ती जग्गा जोत आवाद गरि भोग चलन गरेको जग्गामा एक कठा सम्म | | ठेक्का लगाउने |

प्रमोद यादव
गाउँपालिका अध्यक्ष

अनुसूची-१२

दफा -१३ अनुसार

| सि.न. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | सरसफाई शुल्क | १५ | |
| २ | पर्यटकिय वनभोज क्षेत्रको प्रवेश शुल्क स्वदेशीलाई | ५० | |
| ३ | पर्यटकिय वनभोज क्षेत्रको प्रवेश शुल्क विदेशीलाई | १०० | |
| ४ | पार्कको उदघाटन प्रवेश शुल्क स्वदेशीलाई | ५० | |
| ५ | पार्कको उदघाटन प्रवेश शुल्क विदेशीलाई | १०० | |
| ६ | कसैको रकम कलम उठाई दिएकोमा उठेको रकमको ५ प्रतिशत | | |

अनुसूची - १३

दफा -१४ अनुसार

| सि.न. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | टिकट वापत | १० | |
| २ | नागरिक्ता प्रमाणपत्र सिफारिस /प्रतिलिपी सिफारिस | ५० | |
| ३ | नाता प्रमाणित दस्तुर | ५० | |
| ४ | सरजमिन दस्तुर | २०० | |
| ५ | जाग्गा नामसारी दस्तुर | १०० | |
| ६ | मोही नामसारी दस्तुर | १०० | |
| ७ | मोही छोडपत्र नियुन्तम ५ कठ्ठा सम्म | १०० | |
| ८ | मोही छोडपत्र अधिकत्म प्रतिकठ्ठा | २० | |
| ९ | मोही लगत कट्टा अन्य ५ कठ्ठा सम्म | २०० | |
| १० | मोही लगत कट्टा अन्य ५ कठ्ठा माथी प्रतिकठ्ठा | २० | |
| ११ | फोटोटाँस सिफारिस | ५० | |
| १२.क | घरबाटो सिफारिस ग्राईभेल बाटोले छोएको | १०० | |
| ख. | पिच बाटोले छोएको ५ कठ्ठा सम्म | २०० | |
| ग. | बाटो नछोएको जग्गामा ५ कठ्ठा सम्म | ५० | |
| घ | ५ कठ्ठा भन्दा माथी प्रतिकठ्ठा | १० | |
| १३ | अचल सम्पती मुल्याङ्कण १० लाख सम्मको | १० | |
| १४ | अचल सम्पती मुल्याङ्कण १० लाख माथी | १० | |
| १५ | काठ चिरानी सीफारिस रिक्सा ठेलागाडाबाट | २५ | |

प्रमोद यादव
...पालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| १६ | काठ चिरानी सीफारिस वैलगाडावाट | ५० | |
| १७ | काठ चिरानी सीफारिस ट्रायकटरवाट | १५० | |
| १८ | काठ चिरानी सीफारिस ट्रकवाट | २५० | |
| १९ | विद्युत सिफारिस घरको लागि | ५० | |
| २० | विद्युत सिफारिस कृषीको लागि | ५० | |
| २१ | विद्युत सिफारिस उद्योगको लागि | १०० | |
| २२ | अन्य सिफारिस दस्तुर | ३००० | |
| २३ | संस्था सिफारिस दस्तुर | १००० | |
| २४ | प्रतिलिपि प्रमाणित दस्तुर | २५ | |
| २५ | व्यक्तिगत घटना प्रमाणित प्रतिलिपी | ५० | |
| २६ | नयाँ क वर्ग संस्था दर्ता | १५००० | |
| २७ | नयाँ ख वर्ग संस्था दर्ता | १०००० | |
| २८ | नयाँ ग वर्ग संस्था दर्ता | ५००० | |
| २९ | नयाँ घ वर्ग संस्था दर्ता | १०००० | |
| ३० | क वर्ग संस्था नविकरण | १०००० | |
| ३१ | ख वर्ग संस्था नविकरण | ९००० | |
| ३२ | ग वर्ग संस्था नविकरण | ७००० | |
| ३३ | घ वर्ग संस्था नविकरण | ५००० | |
| ३४ | यस गाउँपालिकाबाट अमिन मापनको लागि खटीए वापत प्रति मापन | २५०० | |
| ३५ | घर वहाल कर (दश प्रतिशत) | १० | |
| ३६ | सुचिकृत दर्ता दस्तुर | १००० | |
| ३७ | सहकारी संस्था दर्ता र नविकरण गराउँदा संस्थाको वर्गीकर्ण अनुसार दस्तुर तिर्नु पर्ने हुन्छ | | |
| क. | उत्पादक संस्था | २००० | |
| ख. | उप्भोक्ता संस्था | २५०० | |
| ग. | श्रमिक संस्था | २००० | |
| घ. | वहुउदेशीय संस्था | ३००० | |
| ३८ | इजाजत पत्र नविकरण | ३००० | |
| ३९ | सस्था नविकरण | १००० | |

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

# नरहा गाउँपालिकाको विनियोजन ऐन २०८२

**नरहा गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषाबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावना :-

नरहा गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
| ४६ | २२५२९ | गा.पा. भरि नागरिकता अभियान | | | | | | ५००००० | |
| ४७ | ३११५१ | वडा नं.२ रमेश्वर घर देखि RCC ढलान सम्म RCC ढलान | | | | | | १५००००० | |
| ४८ | ३११५५ | वडा नं.२ वडा भरि खानेपानी तथा कृषि सिंचाई कार्य | | | | | | १०००००० | |
| ४९ | ३११५१ | वडा नं.५ अशेश्व घर देखि किसुन देव घर सम्म नाला निर्माण | | | | | | ५००००० | |
| ५० | ३११५१ | वडा नं.५ महरा टोलको सामुदायिक भवनमा रेलिङ्ग, माटो र बाउण्ड्री निर्माण | | | | | | ५००००० | |
| ५१ | २२५२९ | गा.पा. भरि दलित गरिबलाई नयाँ स्वास्थ्य जीवन विमा बनाउने कार्यक्रम | ५००००० | | | | | | |
| ५२ | ३११५१ | वडा नं.५ RCC ढलान देखि राजकुमार घर सम्म RCC ढलान | | | | | | ४००००० | |
| ५३ | ३११५१ | वडा नं.४ दिनाभद्री विद्यालयको बाउण्ड्रीवाल निर्माण | | | | | | ५००००० | |
| ५४ | २२५२९ | गा.पा. भरीको लागि टेन्टबाजा खरिद तथा वितरण | १०००००० | | | | | | |
| ५५ | ३११५१ | वडा नं.५ Rcc ढलान देखि ट्रान्सफर्मर सम्म Rcc ढलान | | | | | | १०००००० | |
| ५६ | ३११५१ | वडा नं.१ RCC ढलान देखि पोखरी हुँदै RCC ढलान सम्म RCC ढलान | | | | | | ३०००००० | |
| ५७ | ३११५१ | वडा नं.२ पानवारी चौक देखि शरण मा.वि.सम्म कालोपत्रे क्रमागत | | | | | | ६०००००० | |
| ५८ | ३११५१ | महेन्द्र राजमार्ग देखि बतराही हुँदै विष्णुपुर सिमासम्म कालोपत्रे क्रमागत | | | | | | ५०००००० | |
| ५९ | ३११५१ | वडा नं.१ बद्री घर देखि पैनिमा नाला तथा Rcc ढलान | | | | | | १०००००० | |
| ६० | ३११५१ | वडा नं.१ गौराहा Rcc ढलान देखि तिनमुहान सम्म Rcc ढलान | २०००००० | | | | | | |

गाउँपालिका अध्यक्ष

| सि.न. | खर्च संकेत न. | योजना कार्यक्रम को नाम र संचालन हुने स्थान | वितियसमानिकरण अनुदान संघीय | प्रदेश सरकार समपुरक विशेष अनुदान | संघीय समपुरक तथा विशेष अनुदान | प्रदेश सर्शत | वितियसमानिकरण प्रदेश | आन्तरीक श्रोत अनुदान | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|
| ६१ | ३११२ | वडा नं.१ महजिद मर्मत | ३००००० | | | | | | |
| ६२ | ३११५१ | वडा नं.१ को स्वास्थ्य चौकीमा तल्ला थप | | | | | | | |
| ६३ | २२५२९ | गा.पा.भरी चप्पल बनाउने तालिम | १०००००० | | | | | १०००००० | |
| ६४ | ३११५१ | वडा नं.१ गरिवलाल घर देखि बोरिङ्ग स्कुल सम्म RCC ढलान | | | | | | | |
| ६५ | ३११५१ | वडा नं.३ बरगाछी मुसहरीमा RCC ढलान | | | | | | १०००००० | |
| ६६ | ३११५३ | वडा नं.१ देविपुरमा १०० के.वि.ट्रान्फरमर र तार पोल जडान | | | | | | २०००००० | |
| ६७ | ३११५१ | वडा नं.१ Rcc ढलान देखि रामकरण घर सम्म Rcc ढलान | ८००००० | | | | | १०००००० | |
| ६८ | ३११५१ | देविपुर स्कुलमा मंच निर्माण | | | | | | | |
| ६९ | २२५२९ | गा.पा.भरी गुडिया बनाउने तालिम | १०००००० | | | | | ५००००० | |
| ७० | ३११५१ | वडा नं.५ अधुरो सामुदायीक भवन निर्माण | १०००००० | | | | | | |
| ७१ | ३११५१ | वडा नं.२ कुलिया घर देखि जानकी घर सम्म RCC ढलान | | | | | | | |
| ७२ | ३११५१ | वडा नं.५ बलुवा चौक देखि पालिका जाने बाटोमा गेट निर्माण | १४००००० | | | | | ५००००० | |
| ७३ | ३११५१ | वडा नं.५ अधुरो कबुरगाह निर्माण | | | | | | ६००००० | |
| ७४ | ३११५१ | वडा नं.२ संजय घर देखि पुलकित घर सम्म RCC ढलान | | | | | | २०००००० | |
| ७५ | ३११५१ | वडा नं.२ RCC देखि धनेश्वर घर सम्म वाल निर्माण तथा माटो | | | | | | ५००००० | |
| ७६ | ३११५१ | स्वास्थ्य चौकी निर्माण नरहा गाउँपालिका वडा नं.२ क्रमागत | | | | | | १०००००० | |
| ७७ | ३११५१ | वडा नं.१ देविपुरमा कुलो तथा पैनि मर्मत | ५००००० | | | | | २०००००० | |
| ७८ | ३११५१ | वडा नं.३ चोहर्वाको दुर्गा मन्दिरमा मुरति तथा मर्मत | | | | | | | |
| ७९ | ३११५९ | श्री ज.व.उ.मा.विद्यालय वर्छ्वाको जग्गा खरीद | | | | | | ५००००० | |
| ८० | २२५२९ | गा.पा. भरि विपन्न, गरिव र दलितहरुलाई सम्मान कार्यक्रम | १०००००० | | | | | १५००००० | |
| ८१ | ३११५९ | वडा नं.३ मा मर्दसाको जग्गा खरिद | | | | | | ३०००००० | |

राम प्र...
गाउँपालिका अध्यक्ष

| सि.न. | खर्च संकेत न. | योजना कार्यक्रम को नाम र संचालन हुने स्थान | वितियसमानिकरण अनुदान संघीय | प्रदेश सरकार समपुरक विशेष अनुदान | संघीय समपुरक तथा विशेष अनुदान | प्रदेश सर्शत | वितियसमानिकरण प्रदेश | आन्तरीक श्रोत अनुदान | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|
| ८२ | ३११२२ | वडा नं.४ महरा टोलमा भाडाबरतन खरिद तथा वितरण | | | | | | | |
| ८३ | ३११२२ | वडा नं.४ वडा कार्यालय व्यवस्थापनको लागि कारपेट र डोरमेट खरिद | | | | | | ७०००० | |
| ८४ | ३११५१ | वडा नं.३ RCC ढलान देखि दामोदर घर सम्म RCC ढलान | | | | | | ७०००० | |
| ८५ | ३११५१ | वडा नं.३ रोहित घर देखि लुकमान घर सम्म RCC ढलान | १५००००० | | | | | १०००००० | |
| ८६ | ३११५९ | ईलाका प्रहरी कार्यालयको लागि जग्गा खरिद | | | | | | | |
| ८७ | ३११५१ | वडा नं.४ कनुवा उराँव घर देखि सुरज राय घर सम्म माटो ग्राभेल | | | | | | ३५००००० | |
| ८८ | ३११५१ | वडा नं.४ दहवार्नी समुदायिक भवन निर्माण | | | | | | ३००००० | |
| ८९ | ३११५१ | वडा नं.२ Rcc ढलान देखि भरोसी घर हुदै Rcc ढलान सम्म Rcc ढलान | २०००००० | | | | | ४५००००० | |
| ९० | ३११५१ | वडा नं.१ पूवरिया गौराहा मुसहरीमा RCC ढलान | | | | | | | |
| ९१ | ३११५१ | वडा नं.४ मुसहरी RCC ढलान देखि RCC ढलान सम्म RCC ढलान | | | | | | ७००००० | |
| ९२ | ३११५१ | वडा नं.५ मा वडा कार्यालय देखि कपिल घर हुदै स्कुल जाने अधुरो सडकमा माटो ग्राभेल र होमपाईप | | | | | | ७०००००<br>५००००० | |
| ९३ | ३१११२ | वडा नं.२ लामाटोलमा मन्दिर निर्माण | | | | | | | |
| ९४ | ३११५१ | वडा नं.२ RCC ढलान देखि सिरहा लिङ्क रोड सम्म RCC ढलान | | | | | | ५००००० | |
| ९५ | ३११५१ | वडा नं.५ कौशल महराजी घर देखि दह सम्म माटो ग्राभेल र होमपाईप | | | | | | ३५०००० | |
| ९६ | ३११५९ | फलफुल तथा बोट विरुवाहरु खरिद तथा वितरण | १०००००० | | | | | ५००००० | |
| ९७ | ३११५९ | गाउँपालिकाको प्रशासकिय भवनको बाउण्ड्रीवाल प्लास्टर गेट ग्रिल र तारजाली | | | | | | | |
| ९८ | ३११५९ | गाउँपालिकाको प्रशासकिय भवन सम्म पहुचको लागि RCC ढलान र पर्खाल निर्माण | | | | | | २००००००<br>१५००००० | |
| ९९ | ३११५९ | वडा नं.४ अधुरो मन्दिर निर्माण | | | | | | | |
| १०० | ३११५९ | प्रशाकिय भवनको प्राङ्गनमा पार्किङ्ग बनाउने कार्य | | | | | | १०००००० | |
| | | | | | | | | ५००००० | |

राम प्रमोद ...
गाउँपालिका अध्यक्ष

| सि.न. | खर्च संकेत न. | योजना कार्यक्रम को नाम र संचालन हुने स्थान | वितियसमानिकरण अनुदान संघीय | प्रदेश सरकार समपुरक विशेष अनुदान | संघीय समपुरक तथा विशेष अनुदान | प्रदेश सर्शत | वितियसमानिकरण प्रदेश | आन्तरीक श्रोत अनुदान | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|
| १०१ | ३११५१ | वडा नं.२ सिरहा लिङ्क रोड देखि धौसिया टोल सम्म माटो ग्राभेल | ८००००० | | | | | | |
| १०२ | ३११५९ | वडा नं.३ जगदेव महरा घर देखि पानि ट्याकी सम्म Rcc ढलान म्याचीङ्गफन्ड | | | | | | | |
| १०३ | ३११५९ | वडा नं.२ लामा टोलमा अधुरो सामुदायिक भवन निर्माण | | | | | | २५००००० | |
| १०४ | ३११५५ | गा.पा.भरी दलितहरुलाई ग्यास सिलिन्डर र ग्यास चुल्हा सेट खरिद तथा वितरण | १०००००० | | | | | ८००००० | |
| १०५ | ३११५९ | रामजानकी सेवा समिति वडा नं.२ को DPR | | | | | | | |
| १०६ | ३११५५ | गा.पा.भरि डिप बोरिङ्ग जडान | | | | ८००००००० | | ५००००० | |
| १०७ | ३११५५ | वडा नं.४ र ५ मा सिंचाई बोरिङ्ग जडान | | | | | | | |
| १०८ | ३११५९ | वडा नं.३ जगदेव महरा घर देखि पानि ट्याकी सम्म Rcc ढलान | | २५००००० | | | | | विशेष |
| १०९ | ३११५९ | वडा नं.३ अधुरो डन्डा टोलमा मन्दिर निर्माण | | २५००००० | | | | | समपुरक |
| ११० | ३११५५ | दलित नमुना बस्ती DPR | | | | | | २००००० | |
| १११ | ३११५५ | दहवार्नि तथा कर्विस्तान DPR | | | | | | ५००००० | |
| ११२ | ३११५६ | वडा नं.४ वडा भरि सिंचाईको लागि डीप बोरिङ्ग जडान | | | | | | १५००००० | |
| ११३ | ३१ ५१ | वडा नं.४ दिनाभद्री विद्यालय देखि सामुदायीक भवन सम्म सडकमा माटो ग्राभेल | | | | | | ८००००० | |
| ११४ | ३११५१ | वडा नं.५ कृष्णा घर देखि रोड सम्म RCC ढलान | | | | | | २००००० | |
| ११५ | ३१११२ | वडा नं.१ मा अधुरो स्पोर्ट एकेडमीको भवन निर्माण | | | | | | ५००००० | |
| ११६ | ३११५१ | वडा नं.१ RCC ढलान देखि स्कुल जाने सडक सम्म Rcc ढलान | | | | | | १०००००० | |
| ११७ | ३११५१ | वडा नं.५ तिलकपुर मुसहरीमा Rcc ढलान | | | | | | ३३००००० | |
| ११८ | ३१११९ | वडा नं.३ सिरहा लिङ्क रोड नजिक मदर्सा निर्माण | | | | | | १०००००० | |
| | | | | | | | | १०००००० | |
| | | जम्मा रकम | ४६७००००० | ५०००००० | ० | ८००००००० | ५४९४००० | १२७३३५१२५ | |

राम प्रमोद
गाउँपालिका अध्यक्ष

## "नरहा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीतिगत निर्णय"

**निर्णय नं. १.**

नरहा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोष बाट रकम खर्च गर्ने, विनियोजन गर्ने सम्वन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा छलफल भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भए बमोजिम तपशिल बमोजिमको नरहा गाउँपालिकाको विनियोजन विधेयक २०८२ सर्ब सम्मतीबाट स्वीकृत गरियो ।

"नरहा गाउँपालिकाको विनियोजन विधेयक, २०८२"

**निर्णय नं. २.**

नरहा गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको निर्णय, बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई पेश भएका नरहा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्वन्धि प्रस्तावलाई कार्यन्वयन गर्नका निम्ति स्थानीय कर, शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलन को प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तपशिल अनुसारको नरहा गाउँपालिकाको आर्थिक विधेयक २०८२ सर्व सम्मतबाट स्वीकृत गरियो ।

"नरहा गाउँपालिकाको आर्थिक बिधेयक, २०८२"

**निर्णय नं. ३.**

नरहा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को लागि बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत पेश भएको विनियोजन विधेयक २०८२ मा बिनियोजन भएको वजेट अनुसार आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित आय व्ययको बिबरण एवम् आर्थिक वर्ष २०८२/०८३ को चालु तथा पुँजीगत व्यय अनुमान र वार्षिक विकास कार्यक्रमको योजना कार्यक्रम तथा बजेटको बिस्तृतिकरण प्रस्ताव उपर छलफल गरि केहि संशोधन तथा परिमार्जन सहित सर्ब सम्मतबाट बजेट स्वीकृत गरियो

**निर्णय नं. ४.**

सुशासनका लागि नागरिक अनुशासन भन्ने मर्मलाई आत्मसात गर्दै सुरक्षा निकाय गाउँ/नगर प्रहरी भर्ना गरि टोल बस्ति सङ्गठनहरु, स्थानीय सरोकारवालाहरु, संघ संस्थाहरुको समन्वय र सहकार्य गरि सडक पेटीमा राखिने निर्माण सामग्रीहरु, फोहर मैला व्यवस्थापन, बजार एरिया सरसफाई लगायतका कार्यहरुलाई नियमित गरि प्रत्येक वडामा सचेतनामुलक कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५.**

चालु आर्थिक वर्ष २०८२/०८३ मा बजेटका पूर्वाधार विकास योजना संचालन गर्दा लागत इस्टिमेटमा खर्च बापत कुल लागत रकमको बढीमा ३% रकम लागत इस्टिमेटमा कन्टिनजेन्सी खुलाई सम्झौता गर्ने र कन्टिनजेन्सीबाट प्राप्त रकमको कार्य योजना बनाई यस गाउँ पालिकाको अध्यक्षज्युबाट स्वीकृत गराई प्रभावकारी कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.**

यस नरहा गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ कन्टिनजेन्सी बाट कट्टा भई गाउँ पालिकालाई प्राप्त हुने रकम मेसिनरी औजार, ईन्धन, सवारी साधन, मोटर साईकल खरिद, पुँजीगत अनुसन्धान, गाउँपालिका

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

तथा शाखाहरुमा चाहिने फर्निचर, कम्प्युटर, योजना अनुगमन, सुपरभिजन, डकुमेन्ट्री, योजना कार्यन्वयन गर्न अन्य संचालन खर्च लगायतका क्षेत्रमा खर्च गर्ने सर्व सम्मत बाट निर्णय गरियो

निर्णय नं. ७.

यस नरहा गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ को चालु तथा पुँजीगत तर्फको योजना, आयोजना तथा कार्यक्रमहरु, संचालन खर्च, सार्बजनिक खरिदका कार्यहरु, सचेतनामुलक कार्यक्रमहरु, जनचेतनामुलक कार्यक्रमहरु, विषयगत शाखाका कार्यक्रमहरु संचालन सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा यस गाउँपालिकाबाट पारित भएका स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०८२ बमोजिम गरिने निर्णय गरियो र सो को अनुगमन गर्नको लागि अनुगमन तथा सुझाव समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८.

यस नरहा गाउँपालिकामा उपभोक्ता समिति मार्फत संचालन हुने आर्थिक वर्ष २०८२/०८३ को चालु तथा पुँजीगत तर्फको योजना तथा आयोजनाहरु सम्झौता बमोजिम सम्पन्न नगरेको खण्डमा उक्त सम्झौता स्वतः रद भएको मानिने छ | रद भएको योजना तथा परियोजनाकोहकमा यस गाउँपालिकाले वैकल्पिक व्यवस्था गरि निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. ९.

यस नरहा गाउँपालिका क्षेत्र भित्र कुनै पनि किसिमको उधोग, व्यवसाय संचालन गर्नु भन्दा पुर्व सम्वन्धित गाउँपालिकाको साथै अन्य सरकारी कार्यालयहरुमा समेत नियमानुसार लिनुपर्ने पुर्व स्वीकृति लिई दर्ता गरि संचालन गर्नुपर्ने निर्णय सर्ब सम्मतले निर्णय गरियो ।

निर्णय नं. १०.

यस नरहा गाउँपालिका अन्तर्गत भएको शाखा, विषयगत शाखा, वडा कार्यालयहरुमा कुनै किसिमको खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को पूर्ण अवलम्वन गरि खरिद गर्नु पर्ने छ | त्यसका साथै जिन्शी निरीक्षण प्रतिबेदनका आधारमा लिलाम विक्रीको प्रक्रिया नियमानुसार अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ११.

यस नरहा गाउँपालिकाको समग्र विकासको लागि स्थानीय स्तरमा सम्पन्न वडा भेला, बिभिन्न संघ संस्थाहरुको मांग र गाउँपालिकाको दीर्घकालीन विकास लक्ष्य समेतलाई मध्य नजर गरि नरहा गाउँपालिकाको वजेट विनियोजनमा नपरेका अनुसूची (१) मा उल्लेखित योजना सुचिकृत गरि सम्वधित निकायमाहरुमा वजेट मांगको लागि सिफारिस गर्न गाउँपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२.

यस नरहा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को योजना, आयोजना तथा कार्यक्रम संचालन गर्दा अन्तिम किंस्ताको भुकतनी लिनु भन्दा पुर्व उपभोक्ता समिति वा ठेकेदारले उक्त काम सम्पन्न गरि समितिको निर्णय, अनुगमन समितिको प्रतिवेदन, गाउँपालिका स्तरीय योजना तथा कार्यक्रम भए गा.पा. अध्यक्षज्युको कार्य सम्पन्न सिफारिस, वडा स्तरीय योजना तथा कार्यक्रम भए वडा अध्यक्षज्युको कार्य सम्पन्न सिफारिस, योजनाको स्थलगत वडाको सार्वजनिक परिक्षण, प्राविधिक मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदन, विल भरपाई

लगायत अन्य आवश्यक काजजातहरु उपलब्ध गराई नियमानुसार भुक्तानी दिने। योजना तथा कार्यक्रम सम्पन्न भई भुक्तानीको लागि पेश भएको योजना तथा कार्यक्रमको भुक्तानीमा कुनै बाधा, समस्या आई परेमा सो बाधा, समस्या समाधान गरि भुक्तानीको सिफारिस गर्न गाउँ कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. १३.

उपभोक्ता समिति गठन, संचालन एवं व्यवस्थापन गर्दा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ र स्थानीय विकास मन्त्रालयको निर्देशन (अनुसूची ९ बमोजिम) मा नबाझिने गरि निम्न अनुसार गर्ने गराउने ।

क) योजना कार्यक्रमबाट प्रत्यक्षलाभ पाउने बास्तविक उपभोक्ता मध्ये समावेशी चरित्रको उपभोक्ता समिति गठन गर्ने ।

ख) उक्त उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता अनिवार्य हुनु पर्ने छ।

ग) उक्त समितिको अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये एक पदमा महिला अनिवार्य हुनु पर्ने छ।

घ) सौचालय बनाएको र प्रयोग गरिरहेको उपभोक्ता हुनु पर्ने छ ।

ङ) कर्मचारीहरु, शिक्षक आदिलाई उ.स.मा समावेश नगर्ने ।

च) गाउँपालिकालाई तिर्न वक्योता रहेको र बेरुजु रहेकोहरुलाई उ.स.मा समावेश नगर्ने ।

छ) गाउँपालिकाको आदेश, निर्देशन र नियमको पालना नगर्ने, अटेरी गर्ने कालो सूचिमा समावेश भएकाहरुलाई उ.स.मा समावेश नगर्ने ।

निर्णय नं. १४.

आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित कार्ययोजना तथा खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १५.

गाउँपलिका संग सम्बन्धित इकाइ, उपशाखा, शाखा, महाशाखा तथा समितिको नमूना कार्याविधि बनाउने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६.

यस गाउँ सभाले पारित गरेका योजना, कार्यक्रमहरु, कर, सेवा शुल्कका दर रेटहरु, विनियम कार्यविधि , आवधिक योजना, रणनैतिक योजना, निर्देशिकाहरुको निर्माण र आवश्यकता र औचित्य अनुसार संशोधन , परिमार्जन , थप घट गर्नका लागि गाउँकार्यपालिका लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७.

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थान कार्यविधि २०६९ अनुसार निम्न विशेष कोषहरुमा थप रकमको व्यवस्था गर्ने निर्णय गरियो ।

क) प्रकोप व्यवस्थापन कोष,
ख) वातावरणीय व्यवस्थापन कोष,
ग) मर्मत संभार कोष,
घ) कर्मचारी कल्याण कोष ,

निर्णय नं. १८.

गाउँपालिकाको आदेश,निर्देशन, निर्णयलाई लगातार ३ पटक सम्म उलंघन गर्ने, अटेरी गर्ने, असहयोग गर्ने, पेश्की तथा वेरुजु फर्छयौट नगर्ने, गा.पा.लाई तिर्नु पर्ने दायित्व नतिर्ने, गलत विवरण पेश गरि सेवा लिने वा लिन खोज्ने व्यक्ति, संघ संस्थालाई नियमानुसार कारवाही गरि कालो सूचीमा समेत राख्ने र त्यस्ता व्यक्ति, संघ संस्थाहरुको हकमा गा.पा.वाट प्रवाह हुने सम्पूर्ण सेवा सुविधाहरु रोक्का राख्ने निर्णय गरियो ।

निर्णय नं. १९.

चालु आर्थिक वर्षमा वजेट सिलिङ्गमा हेरफेर भई वजेट थप घट भएमा गाउँ सभाको हिउँदे सभाबाट योजनाहरुको संसोधन, हेरफेर गर्ने निर्णय गरियो ।

निर्णय नं. २०.

एकीकृत सम्पत्ती कर लागु गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । आगामी आ.व.देखी एकीकृत सम्पत्ती करलाई कार्यन्वायनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. २१.

यस गा.पा. क्षेत्रभित्र रहेका ऐलानी तथा सरकारी / सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने, खुलेका नयाँ तथा पुराना सडकहरुको व्यवस्थित अभिलिख तयार गरी नक्शाँकन गरिने निर्णय गरियो

निर्णय नं. २२.

गाउँक्षेत्रका सडक , सार्वजनिक स्थल , सार्वजनिक जग्गा , सार्वजनिक भवन आदी विभिन्न वाहानामा अतिक्रमण गर्ने , मिच्ने प्रवृतिका कारणले सार्वजनिक आवत जावत र सार्वजनिक कार्य गर्न कठिनाई हुनको साथै गाउँको शौन्दर्यतामा समेत प्रतिकुल असर परिरहेको यर्थाथलाई मनन गरी निम्न अनुसार गर्ने निर्णय गरियो ।

क) गाउँक्षेत्रको सडक, सार्वजनिक स्थल जग्गा अतिक्रमण गरेकोलाई हटाउने । त्यस्ता जग्गाहरुको संरक्षणको विशेष व्यवस्था गर्ने ।

ख) ऐलानी, पर्ति, जग्गाको लगत तयार गरी संरक्षण गर्ने त्यसलाई गा.पा.ले सार्वजनिक प्रयोगमा ल्याउने ।

ग) सडकको अधिकार क्षेत्र तोकि त्यसको पालना गराउने ।

घ) सार्वजनिक स्थलहरुको लगत तयार गरि संरक्षणको विशेष व्यवस्थापन मिलाउने ।

ङ) गा.पा. क्षेत्रको मठ, मन्दिर, मस्जीद, गुम्वा, टहरा, आदी सम्पतीको विवरण तयार गरि त्यसको दूरुपयोग हुनुवाट रोक्ने । त्यसको व्यवस्थित संचालनकालागि संचालक समितिहरुको समय सापेक्ष गठन तथा पूनर्गठन गर्ने । साथै संरक्षण र सम्वर्धन गर्नका लागि माथिलो निकायमा लेखी पठाउने ।

निर्णय नं. २३.

यस गाउँपालिकाबाट संचालन गर्नुपर्ने योजनाहरु स्थानीय जनताहरुको उपस्थितीमा उपभोक्ता समिति गठन गरि कार्यान्वियन गर्ने र उपभोक्ता समिति गठनमा विवाद भएमा नियमानुसार ठेक्का वा अन्य प्रक्रिया मार्फत योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २४.

आर्थिक वर्ष २०८१/०८२ को सम्पूर्ण खर्चहरु यस सभावाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २५.

यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, लेखापाललाई कार्यालय समय बाहेक बिहान र बेलुका समेत कार्यालयको काम गर्नु पर्ने भएकोले प्रमुख प्रशासकीय अधिकृत, लेखापाल, लाई पचास प्रतिशत प्रोत्साहन भता आन्तरिक स्रोतवाट दिने निर्णय गरियो ।

निर्णय नं. २६.

विषयगत कार्यालय र सामाजिक संघसंस्थाले गाउँपालिका क्षेत्र भित्र गर्ने योजना, कार्यक्रमहरु गाउँपालिकावाट स्वीकृत गराइ कार्यान्वयनमा ल्याउन जोड दिने निर्णय गरियो ।

निर्णय नं. २७.

अपाङ्गता भएका व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारीस लगायतका सेवा सुविधाहरु निःशुल्क उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २८.

महिला विकास र शसक्तिकरणका लागि निम्न कुराहरुमा विशेष जोड दिने निर्णय गरियो ।

क) घरेलु हिंसा विरुद्धको ऐन र राष्ट्रिय कार्ययोजना २०६६ अनुसार लैङ्गिक हिंसाविरुद्ध गाउँस्तरीय कार्यक्रमहरुमा सहकार्य गरि संचालन गर्ने ।

ख) एकल महिलाहरुको सीप,दक्षता र संस्थागत क्षमता अभिवृद्धी गर्ने ।

ग) गाउँपालिकामा वालवालिका र महिला क्षेत्र हेर्ने फोकल पर्सन तोक्ने ।

घ) हिंसा,शोषण तथा अन्य पिडावाट पिडित महिला तथा वालवालिकाहरुको सुरक्षा र हितमा एक्यवद्धता जनाउन कोषको स्थापना गर्ने ।

ङ) गरीवी विरुद्ध महिला अभियान सुरु गर्न दातृ निकायहरु सँग सहकार्य गर्ने ।

च) लक्षित महिलाहरुका लागि आयमुलक तथा सीपमुलक तालिम सञ्चालन गरि आय आर्जन वृद्धी गर्ने ।

निर्णय नं. २९.

कृषि क्षेत्रको विकास र सुधारका लागि निम्न आयोजनाहरुमा आवश्यक सहयोगका लागि दातृ निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

क) आलु कोल्ड स्टोर भण्डार निर्माण आयोजना ।

ख) कृषि सडकहरुको स्तरोन्नती आयोजना ।

ग) सिंचाईका लागि पुर्वाधार निर्माण ।

घ) विभिन्न वडाहरुमा स्थानीय कृषि तथा पशु हाटवजार, र थोक वजार विकास तथा विस्तार ,

ङ) परम्परागत कृषि प्रणालीमा सुधार गरी कृषकहरुको जीवनस्तर सुधार योजना तथा कार्यक्रमहरु ।

च) गाउँ क्षेत्रमा नरसरी निर्माण तथा व्यवस्थापनकालागि दातृनिकाय संग सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ३०.

पर्यटन विकासका लागि निम्न प्रकृया आगाडि वढाउने निर्णय गरीयो ।

क) गाउँको सरसफाई र सौन्दर्यता अभिवृद्धीमा विशेष ध्यान दिने ,

ख) गाउँवासिहरुलाई आफनो घर, आँगन, टोल सरसफाई राख्न विशेष चेतना अभिवृद्धी कार्यक्रम संचालन गर्ने ।

ग) गाउँ स्थित धार्मिक स्थल,पोखरी लगायत अन्य पर्यटकीय स्थलहरुको सरसफाई,मर्मत संभार,संरक्षण तथा पर्यटकीय पुर्वाधार निर्माणमा जोड दिने ।

घ) सरकारी,गैरसरकारी एवं नीजी क्षेत्रसँग समन्वय,गरी सार्वजनिक निजी साझेदारीमा विशेष कार्यक्रम संचालन गर्ने ।

ङ) गाउँको पर्यटकीय स्थलहरुको डकुमेन्ट्री, व्रोसर जस्ता सामग्री मार्फत प्रचार प्रसार गराउने ।

च) पर्यटन विकास गुरु योजना निर्माणका लागि पर्यटन वोर्डमा आवश्यक पहल गर्ने ।

छ) गाउँपालिकालाई प्रयटकीय क्षेत्रको रुपमा विकास गर्न यस गाउँपालिकामा रहेका धार्मिक स्थल, पोखरी, पार्क आदिलाई संरक्षण सम्वर्दन गरि गाउँपालिका तथा गाउँवासिको आय आर्जन वृद्धी गर्ने तर्फ पहल गर्ने निर्णय गरियो ।

गाउँपालिका
गाउँपालिकाको कार्यालय
सिरहा
(नेपाल)

निर्णय नं. ३१.

खुल्ला दिसामुक्त एवं सरसफाई तथा पुर्ण खोप नमुना गाउँ वनाउनका लागि गाउँ सरसफाई रणनीति निर्माण,गाउँ सरसफाई स्वच्छता समन्वय समिति गठन,सरसफाई सामाजिक अभियान संचालनका लागि जनशक्ति निर्माण तथा परिचालनका साथै आवश्यक संस्थागत संरचनाको स्थापना र विकासका लागि स्थानीय श्रोत, नेपाल सरकारवाट प्राप्त हुने रकम तथा विकासका साझेदार संस्थाको सहकार्य र समन्वयमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२.

नियमित रुपमा वजार अनुगमन गरि सरसफाई, सडक पेटी अतिक्रमण, टाफ्रिक व्यवस्थापन, मुल्य नियन्त्रण, स्वीकृत नलिई भवन संरचना निर्माण जस्ता कार्यलाई नियन्त्रण गर्ने गरी सहयोग पुऱ्याउन विशेष कार्यदल वनाई खटाउने निर्णय गरियो ।

निर्णय नं. ३३.

जनस्वास्थय प्रवर्द्धनकालागि राष्ट्रिय कार्यक्रमहरुलाई सहयोग गर्ने साथै त्यसका अतिरीक्त गाउँपालिकावाट निम्न कार्यक्रमहरु गर्ने गराउने निर्णय गरियो ।

क) स्वमसेवीकाहरु परिचालन गरी राष्ट्रिय कार्यक्रमहरुलाई सहयोग गर्ने ।

ख) खाद्य, माछामासु तथा वजार अनुगमन प्रकृयालाई सवै सरोकारवालाहरुको समन्वयमा तिव्रता दिने ।

ग) सम्वद्ध सरकारी निकाय, उपभोक्ता हित संरक्षण मन्च तथा उद्योग वाणिज्य संघ सँग समन्वय गरि वेच विखन गर्ने पसलहरुको अनुगमन गर्ने ।

घ) नियमीत गाउँ सरसफाई लगायत अन्य जनस्वास्थ्य प्रर्वद्धन योजना,कार्यक्रम संचालनलाई पहिलो प्राथमिकता दिने । र विशेष सरसफाई कार्यक्रमका लागि संघसंस्थासँग सहकार्य गर्ने ।

ङ) सार्वजनिक शौचालयहरुको मर्मत सम्भार र नयाँ निर्माण गरी संचालन ल्याउने ।

च) जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरुमा स्थानीय सामाजिक संघसंस्था,सहकारी संस्था,सामुदायिक संस्थालाई परिचालन गर्ने ।

छ) राष्ट्रिय खोप तथा भिटामिन ए जस्ता कार्यक्रमहरुमा महिला स्वास्थ्य स्वयंसेविकाहरुहलाई परिचालनमा निरन्तरता दिने ।

ज) स्वास्थय मासु उत्पादन र वितरण गराउन माछा मासु व्यवसायिकरणलाई जिल्ला पशु सेवा कार्यालयको सहकार्यमा तालिम र प्रमाणपत्र प्रदान गर्ने र नियमन गर्ने ।

झ) वर्डफुल,डिगो,मलेरिया,काला ज्वर जस्ता रोग नियन्त्रणका लागि जनचेतना अभिवृद्धिका लागि पहल,सूचना सम्पेषणका साथै एवं नियन्त्रण गर्ने । लामखुटेवाट फैलिने सरुवा रोगका लागि जिल्ला जनस्वास्थ्य कार्यालयसँग समन्वय गरि विषादी छर्किने ।

ञ) लागु पदार्थ तथा एच.आई.भी. र एड्स विरुद्ध जनचेतना कार्यक्रम संचालन गर्ने

ट) राष्ट्रिय कार्यक्रमका अतिरीक्त जनस्वास्थ्य पर्वद्धन सम्वन्ध थप कार्यक्रम गाउँपरिषदबाट स्वीकृत गराई संचालन गर्ने ।

ठ) शौचालय प्रवर्दन तथा खुल्ला दिसा मुक्त क्षेत्र कार्यक्रम अर्न्तगत विभिन्न वडाहरुमा खुल्ला दिसामुक्त क्षेत्र सफल पार्न चेतना मुलक कार्यक्रम संचालन गर्ने ।

निर्णय नं. ३४.

गाउँमा हुने ध्वनी र हावा प्रदुषण नियन्त्रणका लागि निम्न अनुसार गर्ने निर्णय गरियो ।

क) गाउँक्षेत्र भित्र स्थापित औद्योगीक तथा व्यपारीक प्रतिष्ठानहरुले स्थापना इजाजत पत्रको शर्त, औद्योगिक एंव वातावरण संरक्षण सम्वन्धि ऐन नियम, निर्देशन वमोजिम आ-आफनो, उद्योग कलकारखाना

तथा व्यापरिक प्रतिष्ठानहरुहवाट उत्पादिन फोहोरमैला प्रदुषण एवं ध्वनी प्रदुषणलाई आफै व्यवस्थित गर्नु पर्नेछ ।

ख) गाउँपालिका क्षेत्र भित्र कसैले पनि छिमेकी, टोलावासी, विधार्थी, विद्यालय, क्याम्पस, कार्यालय,र पैदलयात्रीहरुलाई वाधा पर्ने गरी रेकर्ड प्लेयर,लाउड स्पीकरण, मायक तथा चर्को आवाज उत्पादन गर्ने स्वचालित वा यान्त्रीक वस्तुहरु संचालन गर्न गराउन पाउने छैन ।

ग) कसैले माथि उल्लेख भए वमोजिम कसुर गरेको छ भन्ने उजूरी गरेमा वा गाउँपालिकालाई शंका लागेमा गाउँपालिकाले त्यस्तो स्थानमा आवश्यकता निरीक्षण वा जाँचवुझ गर्न र प्रचलित ऐन नियम वमोजिमम जरिवाना गरी कारवाही गर्न सक्ने छ ।

**निर्णय नं. ३५.**

गाउँक्षेत्रमा रहेका फोहर मैला व्यवस्थापन तथा समस्या समाधानका लागि निम्न अनुसार गर्ने निर्णय गरियो ।

क) दीर्घकालिन सोचका स्यानेटरी ल्यानडफिल्ड साईडको उपयुक्त व्यवस्थापन गर्ने ।

ख)श्रोतमा नै जैविक र अजैविक फोहर छुटयाई जैविक फोहरवाट कम्पोष्ट मल वनाउन नीजी क्षेत्र वा सामाजिक संघ संस्था वा व्यक्तिलाई उत्प्रेरित गर्ने ।

ग) घरको फोहर घरमा नै तह लगाउन महिला केन्द्रित जनचेतना अभिवृद्धी कार्यक्रम संचालन गर्ने ।

घ) सार्वजनीक निजी साझेदारीको अवधारण अनुसार फोहोर मैला व्यवस्थापन गर्ने ।

**निर्णय नं. ३६.**

यस गाउँपालिका अर्न्तगतको बजारमा ब्यावसायिक भवन निर्माण, ब्यवस्थित वसपार्क निर्माण, रिङ्गरोड जस्ता आयोजनाहरुको संभाव्यता एवम् विस्तृत सर्वेक्षण अध्ययन प्रतिवेदन तयार गरि निर्माणकालागि गाउँ विकास कोष, काठमाण्डौ लगायल अन्य निकाय संग सहकार्य गर्ने निर्णय गरियो

**निर्णय नं. ३७.**

यस गाउँपालिका मार्फत सञ्चालन हुने कतिपय कार्यक्रमको हाल सम्म बजेट सिलिङ्ग र अख्तियारी पत्र प्राप्त नभएकोले उक्त कार्यक्रम सञ्चालनको लागि अब आउने बजेट अख्तियारी पत्रमा उल्लेखीत मार्ग दर्शन निर्देशीका अनुसार सञ्चालन गर्ने गरी गाउँ कार्यपालिकाको निर्णय अनुसार गर्ने गरि अधिकार प्रत्यायोजन गर्ने निंर्णय गरियो ।

**निर्णय नं. ३८.**

स्वीकृत भएका योजनाहरुको कार्यान्वायन गर्दा योजना सञ्चालन हुने स्थान, बजेट बारे आईपर्ने समस्या समाधान गर्नुपरेमा, हेरफेर वा संशोधन गर्नुपर्ने भए सो समेत गरी योजना कार्यान्वायन गर्न गराउन गाउँकार्यपालिका लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९.**

स्वीकृत भएका विभिन्न कार्यक्रमको बजेटहरु मध्ये एकमुष्ठ रुपमा विनियोजन भएका कार्यक्रमहरुको वृस्तृत कार्य कार्ययोजना तयार पारि क्रियाकलापहरुको योजना बनाई रकम विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न गराउन गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४०.**

पेस्की र बेरुजु नियमित गर्ने सम्बन्धमा ।

क) पेश्की माथि पेश्की दिने कार्यलाई कडाईका साथ नियन्त्रण गर्ने ।

ख) पेस्की दिनै पर्ने भएमा आवश्यकता, औचित्यहेरी दिन सकिनेछ र दिईएका पेश्की नियमानुसार समयमा फर्छयौट गराउने । पेश्की फर्छयौट समयमा नगर्ने कर्मचारी, उपभोक्ता समिति,निर्माण व्यवसायी,संघ संस्था, व्यक्ति समेतले गा.पा.वाट पाउने सेवा सुविधाहरु रोक्का राख्ने ।

ग) असुल उपर गर्नुपर्ने वेरुजु रकम र बाँकी बक्यौता रकम तूरुन्त असुल उपर गर्ने ।
घ) प्रचलित ऐन नियम, प्रकृया,पद्धती अनुसार मात्र आर्थिक कारोवार गर्ने गराउने ।
ङ) चालु खर्च कम गरि पुजिगित खर्च वढाउने । प्रशासनिक खर्चलाई सीमावद्ध गर्ने ।
ज) लेखापरिक्षकले दिएको सुझावलाई विशेष ध्यान दिई आर्थिक कारोवार गर्ने ।
छ) नियमित रुपमा आन्तिरीक लेखा परिक्षण गर्ने,गराउने,आन्तिरिक लेखा परिक्षणको गुणस्तर सुधार गर्ने ।

निर्णय नं. ४१.

गाउँपालिकामा संचालन हुने ठुलो ठेक्कामा विधुतिय वोलपत्र प्रणली कार्यान्वायनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. ४२.

यस गाउँपालिका अन्तरगत कार्यगर्ने उपभोक्ता, संघ संस्था तथा अन्य निकाय ले स्वीकृत योजनाको सम्झौता गरे पश्चात मात्र कार्य गर्ने र स्वीकृत नभएको योजना तथा विना सम्झौता गरिएकोकार्यहरुको भुक्तनी दिन गाउँपालिका बाध्य नहुने निर्णय गरियो ।

निर्णय नं. ४३.

आ.व.२०८२।०८३ देखी शिक्षा क्षेत्रका योजना तथा कार्यकममा बजेट बिनियोजन गर्न तपसिल बमोजिम प्राथमिकताका आधारहरु निर्णय गरियो ।

**शिक्षा क्षेत्रका योजना तथा कार्यकम छनोट का प्रथामिकताका आधारहरु**

१. बालमैत्री शिक्षा पद्धती लागु भएको वा गर्ने प्रतिबद्धता भएको (शुरुमा कम्तिमा Stick less school environment भएको आदि )
२. वातावरणमैत्री बिद्यालय भएको वा गर्ने प्रतिबद्धता भएको (कम्तिमा - शैचालय, खानेपानी Dustbin, प्लास्टिक, निषेधित, Junk food निषेधित, वृक्षरोपण आदि)
३. प्राबिधिक शिक्षा - कृषि भेटनरी, स्वास्थय, नर्सिङ्ग, इन्जिनियरीङ्ग आदि बिषयमा मा.बि. वा उच्च मा.बि. वा CTEVT को प्राबिधिक शिक्षा लागु गर्न चाहेको, निर्णय गरेको
४. विद्यालयको Audit र Public Audit गराएको
५. विद्यालयको सहभागिता वा साझेदारी मा कार्य गर्न इच्छुक रहेको, निर्णय गरेको
६. विद्यालयले अन्य श्रोत वा दाता जुटाएको तर सम्पुरक कोषको अभाव रहेको
७. गाउँस्तरीय शिक्षा समितिले स्थलगत निरिक्षण गरि आवश्यक्ता पहिचान गर्ने र सोहि बमोजिम आबश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४४.

यस नरहा गाउँपालिको आर्थिक वर्ष २०८२।०८३ को संघीय सरकार, प्रदेश सरकारबाट साझेदारीमा र स्थानीतहका ज्यालादारी/करार कर्मचारीहरुलाई तलब भत्ता खाई पाई आई रहेका कर्मचारीहरुको हकमा मिति २०८२।०४।०१ गते देखि लागु हुने गरि असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४५.

यस गाउँपालिकाको स्वामित्वमा रहेको वार्ड नं.१ देखि वार्ड नं.५ सम्म पर्ने सरकारी / सार्वजनिक ऐलानी जग्गाहरु पोखरी, दह, तालउ तथा खोलानालाहरुको लगत खडा गरी सम्पुर्ण सरकारी / सार्वजनिक ऐलानी जग्गाहरुलाई नरहा गाउँपालिकावाट ठेक्का पट्टा लगाउने निर्णय गरियो ।

निर्णय नं. ४६.

कर्मचारी प्रोत्साहन भत्ता, तथा वैठक भत्ता सम्बन्धमा यस गाउँपालिकाको गाउँसभा तयारी, योजना तथा कार्यकम संचालन गर्न मौजुदा रहेका न्युन जनशक्तिले अधिक कार्य बोझ बहन गर्नु पर्ने भएको हुँदा यस

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

कार्यालयले आफ्नो आन्तरिक श्रोत साधन र प्रशासनिक बजेट को परिति भित्र रही एक महिनाको तलब बराबर भत्ता दिने निर्णय गरियो ।

**निर्णय नं. ४७.**

यस गाउँपालिका अन्तर्गत पर्ने विद्यालयहरुमा जुन विद्यार्थीको आमा बुवा नभएको हकमा वडा कार्यलय को सिफारिस तथा गाउँपालिकाको सिफारिसमा विद्यालयमा भर्ना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४८.**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ को उपदफा (२) बमोजिम नरहा गाउँपालिकाबाट सार्बजनिक खरिद नियमावली नबने सम्म सार्वजनिक खरिद सम्बन्धी नेपाल सरकारको प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्वन गर्ने ।

**निर्णय नं. ४९.**

विभिन्न शीर्षकबाट विनियोजन समपुरक कोष (Matching Fund) लगायतका रकम वा अन्य शिर्षकमा छुट्याइएको रकम वचत भएमा गाउं कार्यपालिकाको निर्णय अनुसार अन्य योजनामा खर्च गर्ने ।

**निर्णय नं. ५०.**

नरहा गाउँपालिकाको आन्तरिक श्रोत व्यवस्थित, भरपर्दो तथा प्रभावकारी बनाउन उद्योगी व्यावसायिहरुको विवरण संकलन, अभिलेखिकरण गर्दै नयाँ आयश्रोतहरुको पहिचान गरि सवै किसिमका व्यापार व्यावसायलाई करको दायरमा ल्याउन राजश्व व्यवस्थापनलाई सशक्त वनाउने ।

**निर्णय नं. ५१.**

गाउँ सभाले आफ्नो कार्य प्रणालिलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २२ बमोजिम देहायका समितिहरु तपसील बमोजिम गठन गरियो ।

**लेखा समिति**

१. संयोजक : चन्दर सदाय
२. सदस्य : अमिर कला राय माझी
३. सदस्य : शिबु सदा
४. सदस्य : बेचन चमार
५. सदस्य सचिव : लेखा प्रमुख

**विधायन समिति**

१. संयोजक : बिरेन्द्र महरा
२. सदस्य : गुरुदयाल यादव
३. सदस्य : चिनगरी सदा
४. सदस्य : मखनी देवी चमार
५. सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत

**सुशासन समिति**

१. संयोजक : जुगुत लाल महरा
२. सदस्य : मैना देवी
३. सदस्य : राम कुमार यादव
४. सदस्य : सोना देवी सदा
५. सदस्य सचिव : प्रशासन शाखा प्रमुख

## निर्णय नं. ५२.

अर्को व्यवस्था नभए सम्मको लागि गाउँपालिकाद्धारा संचालन हुने तालिम, गोष्ठी तथा सेमिनारमा गरिने खर्चको नर्म्स निम्नअनुसार हुने ।

| क.सं. | विवरण | एकाई | अधिक्तम खर्च सीमा रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | प्रति दिन | १२०० | |
| २ | आन्तरि प्रस्तुतकर्ता | | | |
| २.१ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | २००० | |
| २.२ | सहायक प्रशिक्षक | प्रति कक्षा | १५०० | |
| २.३ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति दिन | ४००० | |
| २.४ | सहायक प्रशिक्षक | प्रति दिन | ३००० | |
| २.५ | कार्यपत्र | प्रति एक | १००० | |
| ३ | वाहिरि प्रस्तुतकर्ता | | | |
| ३.१ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | २५०० | |
| ३.२ | सहायक प्रशिक्षक/सहजकर्ता | प्रति कक्षा | २००० | |
| ३.३ | मुख्य प्रशिक्षक/सहजकर्ता | प्रति दिन | ५००० | |
| ३.४ | सहायक प्रशिक्षक/सहजकर्ता | प्रति दिन | ४००० | |
| ३.५ | कार्यपत्र | प्रति एक | १००० | |
| ४ | खाजा खर्च | प्रतिजना | २०० | |
| ५ | खाना खर्च | प्रतिजना | २५० | |
| ६ | सहभागी यातायात खर्च | प्रतिजना | ५०० | |
| ७ | वाहिरको प्रशिक्षक दै.भ्र.भ. | प्रति दिन | १५०० | |
| ८ | वाहिरको प्रशिक्षक यातायात खर्च | | विल अनुसार | |
| ९ | बैठक भत्ता | प्रति दिन | अध्यक्ष, उपाध्यक्ष ज्यु - २०००<br>वडा अध्यक्ष, वडा सदाय - १२००<br>कर्मचारीको हकमा - १२०० | |
| १० | शशर्त अनुदानको हकमा | | संघीय कार्यविधि बमोजिम | |

## निर्णय नं. ५३.

नरहा गाउँपालिकाको प्रशासकिय संगठन र कर्मचारी दरवन्दी सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम गर्ने । सो बामोजिम नहुँदा सम्म यस गाउँपालिकामा कार्यरत कर्मचारी, अन्य निकायबाट काज खटिएका कर्मचारी र सेवा करार/ज्यालादारी कर्मचारी राखी कामकाज संचालन गर्ने।

## निर्णय नं. ५४.

गाउँपालिकामा न्यायिक समिति लगायत विभिन्न मुद्धा, पैरवी एवं अन्य कानूनी परामर्श लिनका लागि मासिक रु. २२५००।- मा नवढ्ने गरि सेवा करारमा सम्झौता गरि एक जना कानूनी परामर्शदाता नियुक्त गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५५.

सार्वजनिक निजी साझेदारी (PPP) को अवधारणा बमोजिम शूल्कमा आधारित फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन तथा सरसफाई शिर्षकबाट खर्च हुने गरि गाउँ कार्यपालिकाको निर्णय अनुसार गर्ने निर्णय गरियो ।

निर्णय नं. ५६.

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ को उपदफा २ बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउन नरहा गाउँपालिका आन्तरिक लेखा परीक्षण गर्ने जनशक्ति व्यवस्थापन नभए सम्म कार्यपालिकाको निर्णय अनुसार आन्तरिक लेखा परीक्षण शाखा स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं. ५७.

यस गाउँपालिकामा कम्तीमा एउटा सुविधा सम्पन्न अस्पताल र प्रत्येक वडामा एउटा स्वास्थ्य चौकी स्थापनाको लागि सम्बन्धित निकायमा पहल गर्ने ।

निर्णय नं. ५८.

नरहा गाउँपालिकाबाट संचालित पूवार्धार निर्माण तर्फ उपभोक्ता समितिबाट संचालन हुने योजनामा कूल लागतको कम्तीमा १० प्रतिशत जनश्रमदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५९.

नेपाल सरकारको नीति अनुरुप आर्थिक बर्ष श्रावण महिना देखि नै संचालन हुने भएकोले दैनिक प्रशासनिक काम काज गर्नु पर्ने अवस्था रहेको छ । यस गाउँपालिकाको सभाबाट पारित भएको गाउँपालिका स्तरीय, वडा स्तरीय, प्रदेशको, संघको योजना तथा कार्यक्रमहरु अनुगमन तथा कार्यन्वयन गर्न, गाउँपालिका तथा वडा स्तरीय दैनिक प्रशासनिक कामकाज गर्न र गराउने अवस्था रहेको छ । गाउँपालिकाको भौगोलिक अवस्था पनि जटिल भएकोले र कार्यालय आउजाउ गर्न, कार्यालय प्रयोजनको लागि एक थान गाडी भाडामा लिएर काम काज गर्ने निर्णय सर्ब समतिले पारित गरियो ।

निर्णय नं. ६०.

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद - ७ बमोजिम नक्सा पास गर्ने कार्यलाई व्यवस्थित गर्न नक्सा पास सम्बन्धी मापदण्ड तयार नभए सम्मका लागि सोही परिच्छेद एवं नेपाल सरकारबाट जारी भएको वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ अनुसार नक्सा पास गर्ने कार्य प्रारम्भ गर्ने ।

निर्णय नं. ६१.

नरहा गाउँपालिका क्षेत्र भित्रका विद्यालय र वडा कार्यालयहरुमा निजी श्रोतबाट पारिश्रमिक पाउने गरि नियुक्ति भएका कर्मचारी तथा अवकाश भई सकेका कर्मचारीहरुको बाँकी तलब विषयमा गाउँपालिकाबाट भुक्तानी दिनु पर्ने विषयमा आवश्यक जाँच बुझ गरि कार्यपालिकाको निर्णय अनुसार गर्ने ।

निर्णय नं. ६२.

यस गाउँपालिकालाई आवश्यक पर्ने नियम, उपनियम, कार्यविधि, निर्देशिका, उप-नियम, विनियम निर्माण गरि कार्यान्वयन गर्न अधिकार गाउँपालिका गाउँ कार्यपालिकाबाट पारित गर्न र लागु गर्ने गरि अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६३.

यस गाउँपालिकाको कार्यालयबाट पदाधिकारीलाई प्रदान गरिदै आएको सुविधा प्रदेश सरकारबाट जारी भएको कार्यविधि / निर्देशन बमोजिम हुने ।

निर्णय नं. ६४.

गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा गाउँ विपद् व्यवस्थापन समिति र वडा स्तरमा वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय विपद् व्यवस्थापन समिति रहने निर्णय गरियो ।

निर्णय नं. ६५.

गाउँपालिकाको सम्पूर्ण योजना, कार्यक्रम र परियोजनाहरुको अनुगमन गर्नको लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा एक समिति रहने निर्णय गरियो । वडा स्तरमा वडा अध्यक्षको अध्यक्षतामा एक अनुगमन समिति गठन गर्ने निर्णय गरियो । अन्तिम अनुगमन उपाध्यक्ष ज्युले गर्नु पर्ने निर्णय गरियो ।

निर्णय नं. ६६.

नरहा गाउँपालिकाको दशौं गाउँसभाबाट पारित एवं स्वीकृत कार्यक्रमलाई कियाकलापमा विभाजन गरि आवश्यकता अनुसार कार्यक्रम संचालन गर्न अधिकार गाउँ कार्यपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । भुक्तानीमा कुनै किसिमको विवाद आएमा अन्तिम निर्णय कार्यपालिकाको हुनेछ ।

निर्णय नं. ६७.

यस गाउँपालिकाको दशौं गाउँ सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरु गाउँ कार्यपालिकाको बैठकबाट प्रचलित कानून, आवश्यकता र औचित्यताका आधारमा संशोधन, रकमान्तर र परिमार्जन गर्न सक्ने गरि अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६८.

यस गाउँपालिकाको दशौं गाउँ सभाबाट निर्णय हुन नसक्ने वा निर्णय हुन छुट भएका तर आवश्यक पर्ने थप निर्णयहरु गर्नु परेमा कार्यपालिकाबाट निर्णय गराई लागु गर्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६९.

उपभोक्ता समिति मार्फत संचालन हुने वडा स्तरीय योजनाको हकमा रु १० लाख भन्दा माथी र गा.पा. स्तरीय योजननाको हकमा रु.२० लाख भन्दा माथिको आयोजनाहरु पेश्की तथा रनिंग बिल उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७०.

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ को उपदफा (८) मा करारमा कर्मचारी पदपूर्ति गर्ने व्यवस्था गरेको छ । यस नरहा गाउँपालिकाको आ.व. २०८२/०८३ मा कुनै करारको कर्मचारी पदपूर्ति गर्नु परेमा यस गाउँपालिकाको विशेष गाउँसभाबाट पारित भएका स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि - २०७९ वमोजिम करार पदपूर्ति हुनेछ । स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धि छनौट तथा सिफारिस समिति देहाय बमोजिम रहने निर्णय सर्व समतिले पारित गर्ने निर्णय गरियो ।

तपशिल :

श्री नन्दकिशोर यादव - संयोजक

श्री जय कुमार यादव - सदस्य

श्री राम वृज यादव - सदस्य सचिब

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

निर्णय नं. ७१.

दरवन्दी बमोजिम स्थायी कर्मचारी पदपूर्ति नभएसम्म तपसिल बमोजिमको करारको कर्मचारी दरबन्दी स्वीकृत गरि देहाय अनुसारको सेवा सुविधा दिने गर्ने निर्णय गरियो ।

| क्र.स. | पद | संख्या | स्रोत | तलब | कैफियत |
|---|---|---|---|---|---|
| १. | ईन्जिनियर | १ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | ४३,६००.०० | |
| २. | सव-ईन्जिनियर | ३ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | ३४,५००.०० | |
| ३. | असिस्टेन्ट सव-ईन्जिनियर | २ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | ३२,२००.०० | |
| ४. | वकिल | १ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | ३४,५००.०० | |
| ५. | प्रा.वि.शिक्षक | ५ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | २५,०००.०० | |
| ६. | नि.मा.वि.शिक्षक | १ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | ३४,७३०.०० | |
| ७. | मा.वि.शिक्षक | १ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | ४३,६८९.०० | |
| ८. | कम्प्युटर अपरेटर | १ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | ३४,५००.०० | |
| ९. | सहायक कम्प्युटर अपरेटर | ६ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | ३२,२००.०० | |
| १०. | नगर\गाउँ प्रहरी | ११ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | २१,०००.०० | |
| ११. | कार्यालय सहयोगी | १५ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | २१,०००.०० | |
| १२. | सवारी चालक | १ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | २७,०००.०० | |
| १३. | अमिन | १ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | ३२,२००.०० | |
| १४. | अ.न.मि. | २ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | ३२,२००.०० | |
| १५. | स्वीपर | ६ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | १५,०००.०० | |
| १६. | पल्मबर | १ | आन्तरिक स्रोत / राजस्व बाँडफांड | २१,०००.०० | |

निर्णय नं. ७२.

यस गाउँपालिकामा कुनै किसिमको योजना परियोजना तथा अन्य विभिन्न काम वाधा अड्चन पर्न आएको खण्डमा गाउँ कार्यपालिकाले निर्णय गरे वमोजिम मान्य हुनेछ ।

निर्णय नं. ७३.

यस गाउँपालिका कार्यालयमा सवारी चालक, पाले, का. स., स्वीपर, वगैचे, भान्से र कम्प्युटर अपरेटर जस्ता पद हरुमा दैनिक ज्यालादारी काम काज गराउने निर्णय गरियो ।

निर्णय नं. ७४.

यस गाउँपालिकाको दशौं गाउँसभावाट पारित भएका भैपरी पुंजीगत/चालु शिर्षकको वजेटलाई गाउँपालिकाको अध्यक्षज्युको निर्णयानुसार खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ७५.

यस गाउँपालिकाको आ.व. २०८२/०८३ को शाखा, विषयगत शाखा, वडा कार्यालयहरु, गाउँपालिका स्तरीय पेश्की फछ्यौंटको सम्वन्धमा नियमानुसार प्रक्रिया पुरयाई अन्तिम निर्णयको लागि श्रीमान् अध्यक्षज्युकोमा पेश गर्ने निर्णय सर्व समतिले पारित गरियो ।

निर्णय नं. ७६.

यस गाउँपालिका अन्तर्गत आन्तरिक श्रोत वित्तियसमानीकरण कन्टीजेन्सी बाट बजेट व्यावस्थापन गर्ने गरी यस कार्यपालिकाको निर्णय अनुसार दैनिक ज्यालादारीमा कर्मचारी खटन पटन गर्ने गरी निर्णय गरियो ।

निर्णय नं. ७७.

यस गाउँपालिकाले वलुवा चौकमा रहेको अस्थाई प्रहरी चौकी नयाँ चोहर्वाको ट्राफिक प्रहरी र प्रमुख प्रशासकीय अधिकृतको आवासको लागि घर भाडामा लिइएको हुनाले त्यसलाई निरन्तरता दिने निर्णय गरियो।

निर्णय नं. ७८.

संघीय तथा प्रदेश लगायत अन्य ठाउको कुनै योजना तथा कार्यक्रमहरु वडा/गाउँपालिकामा संचालन भएमा कुनै किसिमको विवाद उत्पन्न भएमा अन्तिम टुंगो गाउँ कार्यपालिकाले लगाउने निर्णय गरियो ।

निर्णय नं. ७९.

यस गाउँपालिकावाट धार्मिक तथा सांस्कृतिक कार्यहरुको लागि सहयोग तथा सहयता दिनुपरेको खण्डमा कार्यपालिकाको निर्णय तथा अध्यक्षको निर्देशानसार दिने निर्णय पारित गरियो ।

निर्णय नं ८०.

आर्थिक वर्ष २०७९।०८० मा सम्झौता भई कार्यदेश क्रमागत जारी भई विविध कारणले सम्मपन्न हुन नसकेको पानवरी चौक देखी श्री शरण मा.वि.सम्म सडकमा कालोपत्रे योजनाको ठेक्का सम्झौता भएको जय माँ दुर्गा भगवती कन्सट्रक्सन सुखिपुर न.पा.-१० को म्याद एक पटकको लागि ९ महिनाको लागि थप गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ८१.

आर्थिक वर्ष २०७९।०८० मा सम्झौता भई कार्यदेश जारी भई योजनको कार्य क्रमागत रुपमा भई रहेको महेन्द्र राजमार्ग देखि दक्षिण बतराही हुँदै बिष्णुपर सिमा नरहा सम्म कालोपत्रे गर्ने कार्य र ठेक्का नं. NRM/Workx/NCB-07/79/80 को निर्माण व्यवसाय R&R Brothers Construction Lahan-19 ले दिइएको निवेदन मिति २०८२।०१।३० र दर्ता नं.९९० लाई मध्यनजर गर्दा कामको अन्तिम चरणमा हुँदा उक्त ठेक्काको म्याद सार्वजनिक खरिद ऐन, २०६४ को तेह्रौ संशोधन १२० को (क) वमोजिम २०८२।०२।१९ गते देखि ६ महिना सम्मको लागि म्याद थप गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ८२.

- नरहा गाउँपालिकाको गुनासो सुनुवाई कार्यविधि,२०८२ पारित गर्ने निर्णय गरियो ।
- वालिका तथा समावेशी शिक्षा रणनीति,२०८२ पारित गर्ने निर्णय गरियो ।
- नरहा गाउँपालिकाको बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड,२०८२ पारित गर्ने निर्णय गरियो।
- नरहा गाउँपालिकाको सहकारी ऐन,२०८२ पारित गर्ने निर्णय गरियो ।
- बालविवाह अन्त्यका लागि रणनीतिक योजना २०८२।२०८३-२०८७।२०८८ पारित गर्ने निर्णय गरियो।

- गाउँपालिकामा सरसफाई अभियान संचालनका लागि फौहरमैला संकलन गर्ने, सार्वजनिक ठाउँमा डस्टबिन तथा शौचालय राख्ने, जनचेतना फैलाउने लगायतका काम गर्ने गराउने निर्णय गरियो।

- सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधारका लागि पूर्वाधार निर्माण, शिक्षक पदपूर्ति, फर्निचर, शिक्षकहरुलाई तालिम लगायतका कार्यक्रमहरु गर्ने निर्णय गरियो।

- गाउँपालिका तथा गाउँपालिका अन्तर्गत रहेको वडा कार्यालय, स्वास्थ्य चौकी लगायतका कार्यालयहरुबाट प्रवाह हुने सेवालाई चुस्तदुरुस्त तथा अनलाईनमा अधारित बनाउने निर्णय गरियो।

- विकास निर्माण प्रक्रियालाई दिगो टिकाउ तथा गुणस्तरिय बनाउनको लागि टोल विकास समिति गठन गर्ने निर्णय गरियो।

- गाउँ सभा सदस्यहरुका तथा अनुगमन तथा सहजिकरण समितिका अनुगमन भत्ता तथा बैठक भत्ता कार्यालयबाट भुक्तानी हुन नसकेकोले निजहरुका भत्ता अगामी आ.व.मा भुक्तानी दिने निर्णय गरियो।

- नक्सा पास तथा पुराना घरहरुका अभिलेखिकरण कार्य कडाईका साथ लागु गर्ने निर्णय गरियो।

- १२ औं गाउँ सभाको अधिवेशनका विभिन्न बैठकमा पेश भएका प्रस्ताव र निर्णयहरु १२ औं गाउँ सभाको अधिवेशन समापन गर्ने निर्णय गरियो।